जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

यौन दुराचारी जहाँ पनि
हुन सक्छन्,
त्यस्ता दुराचारीबाट
सजग र सचेत रहों,
आफु पनि बचौं र
अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १५८ • २०७९ साल कार्तिक १७ गते बिहीबार (3 November, Thursday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## छोराले पिताको चुनाव जित्ने अभियानमा लगाएको ग्रहण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिष्पर्धी एकजना उम्मेदवारका पीडित छोराले राजनीतिक माहोललाई परिवर्तन गरिदिएका छन् ।

निर्वाचन क्षेत्र नम्बर २ मा कुनै गठबन्धन छैन् ।सबै दलले उम्मेदवार उठाएको सो क्षेत्रमा जनता समाजवादी पार्टी(जसपा) बाट प्रतिनिधि सभाका उम्मेदवार रहेका गंगाराम यादव भन्ने आनन्द यादवलाई उनका छोराले ठूलो धक्का दिएका छन् ।

यादवको दुई श्रीमती मध्ये जेठीपट्टीका छोरा अमित यादवले परिवारलाई न्याय गर्न नसक्ने नेताले क्षेत्र र देशवासीकासाथ कसरी न्याय गर्ने ?प्रश्न उठाएपछि नेता गंगारामको स्थितिमा व्यापक बदलाव देखिन थालेको छ ।

उच्च शिक्षा हासिल गरेका अमित यादव नेकपा एमालेमा प्रवेश गरेका छन् ।गंगाराम यादव पिता भएपनि त्यो अनुभुती गर्न नसकेको दुखेसो पोख्ने अमितले क्षेत्रमा दिएको भावनात्मक भाषणले चुनावी परिणामलाई नै



परिवर्तन गर्ने संभावना बढेको बताइन्छ ।

गंगाराम यादवको पक्षमा कान्छी श्रीमतीपट्टीका सन्तानहरु सकृयताका साथ लागेका छन् ।विदेशमा उच्च शिक्षा प्राप्त गरेका कान्छी श्रीमतीपट्टीका सन्तानहरुले चुनावको प्रारम्भिक चरणमा बनाएको अनुकुल वातावरणलाई अमित यादवले बीचमा पुग्दा बिथोलिदिएका छन् ।

निर्वाचन क्षेत्र नम्बर २ का मतदाता रहेका श्रीप्रसाद यादवले अमितको अभिव्यक्तिपछि मतदान गर्ने मनशाय परिवर्तन गरेका छन् ।उनी प्रदेश सभा 'ख'मा जसपाका उम्मेदवारलाई मतदान गर्ने बताएपनि प्रतिनिधि सभामा काँग्रेसलाई मतदान गर्ने धारणा सार्वजनिक रुपमा व्यक्त गर्न थालेका छन् ।

राजनीतिक विश्लेषक प्राध्यापक परमेश्वर कापडीका अनुसार गंगाराम यादवको छोरा विपक्षमा उत्रिएपछि उनको राजनीतिक उचाइलाई तल झारेको छ ।अमित यादवले दिएको अभिव्यक्तीबाट एमालेलाई फाइदा नपुगेपनि जसपाका उम्मेदवार गंगारामलाई भारी क्षति भएको कापडीको कथन छ ।

चुनाव निर्णायक अवस्थामा पुग्न लागेको बेला परिबारबाटै बिद्रोह भएको बिद्रोहको व्यवस्थापन समयमै गर्न असफल भएका गंगाराम यादवका लागि गंभीर चुनावी क्षति भएको बताइन्छ ।

अमित यादवले पैतृक सम्पत्तीमा सम्मानजनक हिस्सेदारी नदिएको र पिताको जिम्मेवारी समेत निर्वाह नगरेको आरोप लगाएका छन् ।अमित यादव सार्वजनिक रुपमा नै एमालेमा प्रवेश गरिसकेका छन् ।

एमालेले अमितको कथनहरुलाई समाजिक सञ्जालमार्फत व्यापक प्रचार गरिरहेको छ ।तर त्यसबाट प्रत्यक्ष फाइदा काँग्रेसका उम्मेदवार रामकृष्ण यादवलाई पुगेको विश्लेषकहरुको कथन छ ।

### काँग्रेसका नेताहरु बागीको बिपक्षमा

## गठबन्धनका उम्मेदवारलाई मतदान गर्न दबाब

**टुडे समाचारदाता**

वीरगञ्ज ।मधेश प्रदेशको आर्थिक राजधानीको रुपमा मानिएको पर्सा जिल्लामा काँग्रेसका बिद्रोहीको पक्षमा पार्टीका नेताहरु सकृय रुपमा ओर्लिन थालेका छन् ।

पर्साको सर्वाधिक चर्चित निर्वाचन क्षेत्र नम्बर १ मा एमाले जसपाका गठबन्धनका उम्मेदवार प्रदीप यादवलाई हराउने अभियानमा जुटेका अभियन्ताहरुलाई काँग्रेसका नेताहरुको निर्णयले ठूलो धक्का दिएको छ ।

जसपाबाट एमाले गठबन्धनका उम्मेदवार यादव, सत्तारुढ गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का उम्मेदवार लक्ष्मण लाल कर्ण र काँग्रेसका बिद्रोही उम्मेदवार अजय द्विवेदीबीच त्रिकोणात्मक प्रतिष्पर्धा हुने अनुमान गरिएको सो क्षेत्रमा परिस्थिति परिवर्तन हुन थालेको छ ।

यथास्थितीमा त्रिकोणात्मक संघर्ष देखिएपनि काँग्रेसका नेताहरुले बिद्रोहीको पक्षमा मतदान नगर्न पार्टीका कार्यकर्ताहरुलाई दवावदिन थालेका छन् ।सत्तारुढ गठबन्धनका उम्मेदवार बाहेक काँग्रेसका मतदाताहरुलाई मतदान नगर्न दवाव बढेसँगै निर्वाचन क्षेत्र नम्बर १ मा रहेका बिद्रोही उम्मेदवार द्विवेदीको स्थिति कमजोर हुन सक्ने अनुमान गर्न थालिएको छ ।

सत्तारुढ गठबन्धनबाट लोसपाका कर्ण छठ पूर्व सम्म कमजोर मानिएका थिए ।तर हाल उनको अवस्थामा व्यापक सुधार भइरहेको बताइन्छ ।एमाले गठबन्धनबाट जसपा उम्मेदवार यादवको पक्षमा सहानुभुती रहेको छ ।थोरै समयका लागि वन मन्त्री बनेका यादवले चिडियाखाना लगायतका विकासका कार्यहरु गरेर उनले सहानुभुती बटुलेका छन् ।तर उनलाई हराउने अभियान नै चलाइएकाले सकस भएको बताइन्छ ।

काँग्रेसले मतदाताहरुलाई गठबन्धनका उम्मेदवारको पक्षमा नै मतदान गर्न बाध्य बनाउन

**सत्तारुढ गठबन्धनबाट लोसपाका कर्ण छठ पूर्व सम्म कमजोर मानिएका थिए ।तर हाल उनको अवस्थामा व्यापक सुधार भइरहेको बताइन्छ ।एमाले गठबन्धनबाट जसपा उम्मेदवार यादवको पक्षमा सहानुभुती रहेको छ ।थोरै समयका लागि वन मन्त्री बनेका यादवले चिडियाखाना लगायतका विकासका कार्यहरु गरेर उनले सहानुभुती बटुलेका छन् ।तर उनलाई हराउने अभियान नै चलाइएकाले सकस भएको बताइन्छ ।**

सके बिद्रोह ीबनेका द्विवेदीलाई क्षति पुग्ने छ ।

स्रोतहरुका अनुसार काँग्रेसका नेता रमेश रिजाल लगायतले गठबन्धनको बिरोधमा निर्वाचन क्षेत्र नम्बर १ मा मतदान भए त्यसको प्रभाव निर्वाचन क्षेत्र नम्बर ३ लगायतमा पर्ने भएकाले गठबन्धनको धर्म निर्वाह गर्नुपर्नेमा जोड दिएका छन् ।

द्विवेदीको टिकट काटेका रिजालका लागि उनको जीत हानिकारक हुन सक्छ ।त्यसकारणपनि उनले गठबन्धनका उम्मेदवारहरुको पक्षमा मतदान गर्न जोड दिएका छन् ।

स्थानीय बासिन्दाहरुका अनुसार द्विवेदी आर्थिक रुपमा कमजोर नभएपनि खर्च गर्ने क्षमता यादवको भन्दा बढी रहेको छैन् ।चुनावको अन्तिम समयमा उम्मेदवारहरुले मतदातालाई प्रभावित पार्न हरसंभव उपायहरु अपनाउने निश्चित प्राय छ ।

त्यस क्रममा जसपाका उम्मेदवार यादव सहजै अगाडी बढन सक्ने अनुमान गरिएको छ ।पर्सा जिल्लामा २०७४ सालको चुनावमा जसपाले भारी सफलता हात पारेको थियो ।वीरगञ्ज महानगरपालिकाको मेयर यसपटकपनि जसपाकै जितेका छन् ।तर प्रदेश र संघीय चुनावमा परिणाम फरक आउने देखिन थालिएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ को 'ख'बाट प्रदेश सभाका उम्मेदवार रहेका मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको स्थिति सुधारोन्मुख छ ।उनी बिरुद्ध गंभीर मुद्दा विपक्षी उम्मेदवारहरुले उठाएपनि त्यसलाई मतदातामा स्थापित गर्न सकिरहेका छैनन् ।

उम्मेदवारी दर्ता भएदेखि मुख्यमन्त्री राउत क्षेत्र भन्दा बाहिर निस्कन पाएका छैनन् ।प्रदेश सरकारको सम्पूर्ण गतिबिधि ठप्प जस्तै छ ।राजनीतिक नियुक्तीका कर्मचारीहरु समेत चुनाव प्रचारमा लागेका छन् ।मुख्यमन्त्रीले नियुक्ती गरेका कर्मचारीहरु समेत अहिले उनको साथमा छैनन् ।

निर्वाचन आयोगले आचारसंहिता जारी गरिसकेपछि पछिल्लो मितिबाट मुख्यमन्त्रीले गरेका राजनीतिक नियुक्तीका अध्यक्ष र सदस्यहरु चुनावका लागि कुनै सहयोग नगरेको दुखेसो पोख्न थालेका छन् ।

राउतले प्रदेशमा स्थिति सुधार गरेपनि संघीय क्षेत्रमा बल गर्न सकिरहेका छैनन् ।उनले प्रदेशमा गठबन्धन बाहेकका दलबाट समेत मत लिने प्रयासमा लागेपनि प्रतिनिधि सभाका लागि खासै प्रभावकारी हुन सकेका छैनन् ।

पछिल्लो पटक सम्पन्न स्थानीय तहको चुनावमा राउतकी पत्नी जगरनाथपुर गाउँपालिकाको उपाध्यक्षमा र अन्य सहयोगीहरु समेत नराम्ररी पराजित भएका थिए ।

सो क्षेत्रबाट सशक्त उम्मेदवार देखिएका जसपाका प्रदीप यादवलाई हराउने अभियानमा लागेकाहरुको सकृयता प्रभावकारी भए क्षेत्रको नतिजा अनपेक्षित हुन सक्ने संभावना छ ।






# पाँच वर्षसम्म नपुगेको मुसहर बस्तीमा पुग्न थाले नेता

**सञ्जीतकुमार मण्डल**

जलेश्वर । गाउँघरमा पाँच वर्षपछि नेता देख्दा महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिकाको-३ खैरा गाउँको मुसहरबस्तीका बासिन्दा छक्क पर्न थालेका छन् । नेताहरुको बाक्लो उपस्थितिले उनीहरुलाई निर्वाचन आएको आभास हुन थालेको छ । ''विसं २०७४ को निर्वाचनमा आफूले भोट दिएपछि पहिलो पटक नेताहरुलाई आफ्नो गाउँघरमा देख्दा नेताहरुलाई हाम्रो भोट चाहिने बेला भएछ भन्ने थाहा भयो'', बस्तीका अगुवा मुसहर अमृत सदा भन्छन्, 'विगत पाँच वर्षमा एक पटक पनि नेता नपुगेको अहिले दिनरात नेता पुग्न थालेका छन् । हामी चाहिने भनेकै उनीहरुलाई चुनावको बेला त हो नि ।''

उनका अनुसार सधैं बेलुका ७/८ बजे सुतिसक्ने मुसहरबस्ती अहिले प्रत्येक दिन राति १/२ बजेसम्म जाग्राम बस्छन् । प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको समय नजिकिँदै गएसँगै अहिले देशभरिका प्रत्येक गाउँघरमा नेता, कार्यकर्ताको दौडधुप सुरु भएको छ । अघिल्लो निर्वाचनमा सो बस्तीमा पुगेका नेताहरुले आफू जितेपछि मुसहर समुदायको लागि दर्जनौं योजना तथा कार्यक्रम ल्याउने आश्वासन बाँडेर चुनाव जिते तर ती नेताहरु मुसहरबस्तीमा एकदिन पनि पुग्न सकेका छैनन् । अहिले मुसहरबस्तीका मतदाता नेताको 'रङ फेरियो, बस्ती फेरिएन' भनेर दुःख व्यक्त गर्दछन् । ''सबै चुनावमा लालपुर्जा बन्ने आशले नेतालाई भोट दिन्छु तर अहिलेसम्म कुनै पनि नेताले मुसहरको लालपुर्जा बनाइदिएन्'' अगुवा मुसहर अमृतले थपे । महोत्तरीको सदरमुकाम जलेश्वर बजारबाट मात्रै एक किलोमिटर दूरीमा रहेको खैरा गाउँका मुसहर समुदाय कुनै नेतालाई भेट्न जाँदा नेताहरु बेवास्ता गर्ने गरेको, कसैको कुरा सुन्न तयार नहुने गरेको र कुनै कामकाजसमेत नगरिदिने गरेको उनीहरुको गुनासो छ । ''मुसहरलाई आपतविपद पर्दा पनि जनप्रतिनिधिलाई बस्तीमा बोलाउँदा आउँदैनथे । फोन गर्दा उठाउँदैनथे र समस्या सुनाउँदा पन्छिन्थे'' बस्तीका ६० वर्षीया मुसहर महिला तेतरी सदाले दुःखेसो सुनाए ।

निर्वाचन नजिकिएसँगै त्यही बस्तीमा अहिले नियमित नेताको भीड लाग्छ । ''चुनावको मिति तय भएयता दिनहुँजसो नेता, कार्यकर्ता यसपटकको निर्वाचनमा मुसहरको मत पाएर आफूले जितेपछि यहाँ विकासको लहर ल्याउने आश्वासन बाँड्न सुरु गरेका छन् । मुसहर मतदातालाई अहिले नेताको भाषण सुन्न भ्याइनभ्याइ छ'' बस्तीका अर्का ७० वर्षीया महिला सिलिया सदाले बताए । जलेश्वर नगरपालिका-३ खैरा गाउँमा करिब ९० घर मुसहर समुदायको बस्ती छ । उनीहरुका लागि न त शौचालयको व्यवस्था छ, न त खानेपानी पाइपकै सहजता छ । सिङ्गो बस्तीमा एक थान मात्रै खानेपानी पाइप (ह्याण्डपाइप) छ भने प्रत्येक ८/१० घरमा एउटा शौचालय रहेको स्थानीयवासी सुकमरिया सदाले भावुक हुँदै बताए ।

उनका अनुसार नेताहरुले सो बस्तीमा विकास गरिदिने आश्वासन बाँडेर प्रत्येक चुनावमा आफूहरु नेताको भाषण सुन्न जाने गरेको र भरोसा गरेर मत पनि दिने गरेका छन् । बस्तीमा खानेपानी, नाला र सडक बनाउनुपर्ने वर्षौंदेखिको माग अहिले पनि यथावत नै छ । ''सबै चुनावमा घर बनाइदिन्छु, खानेपानी पाइप, स्कुल, नालालगायतका विकासको काम गरिदिने आशले नेतालाई भोट दिन्छु'' स्थानीय लड्डु सदाले बताए । भारतीय सीमासँग जोडिएको यो जलेश्वर नगरपालिका महोत्तरी जिल्लाको सबैभन्दा गहिरो ठाउँ हो । वर्षाको बेला घर-घरमा पानी पस्छ । मुसहर बस्ती ऐलानी जमिनमा छ । नब्बे घरधुरी रहेको यो बस्तीमा करिब एक सय ५० जनालाई नागरिकता समेत छैन भने उनीहरु पुस्तौंदेखि यहीँ बस्दै आएको छ । बुबाको नागरिकता नभएकै कारण छोराछोरीकोसमेत जन्मदर्ता नबन्दा यस बस्तीका अधिकांश बालबालिका विद्यालयको मुखसमेत देख्न पाएका छैनन् ।

यस बस्तीका मुसहरले गत चुनावमा नागरिकता बनाइदिने, जन्मदर्ता बनाइदिने, वर्षाको पानी व्यवस्थापन गरिदिने, खानेपानी, सडक र सबै ऐलानी जमिनको लालपुर्जा बनाइदिनुपर्ने माग राखेका थिए । तर त्यस्ता वाचा, बन्धनको पनि पाँच वर्ष वितिसक्यो तर अहिलेसम्म पनि यो बस्तीमा केही हुनसकेको छैन । अझै पनि दर्जनौं व्यक्ति नागरिकताविहीन, दर्जनौं बालबालिका जन्मदर्ताविहीन र बस्तीमा सडक, विद्यालय, खानेपानी, नाला निर्माणको काम पनि बाँकी नै रहेको छ । स्थानीय अर्जुन सदाले भने-'बस्तीमा मात्र एउटा चापाकल (खानेपानी पाइप) हुँदा गर्मीमा पानीको हाहाकार हुन्छ । नाला नबन्दा वर्षात्मा उनीहरूको घर डुब्छ । लालपुर्जा नहुँदा घरबारविहीन हुने चिन्ता छ । हरेक निर्वाचनमा उनीहरूले यी माग अघि सार्छन् र बढी आश्वासन दिने नेतालाई मत दिन्छन् । उनीहरूका माग अहिलेसम्म पूरा भएका छैनन् ।'

खैरा गाउँभरि बिजुली बत्ती पुगे पनि गाउँमै रहेको मुसहरबस्ती वर्षौंदेखि अँध्यारो रहेको छ । गरिबी र विपन्नताले गर्दा कतिले बिजुली बत्ती जडान नै गर्न सकेका छैनन् भने एक/दुई जनाले जडान गर्न चाहे पनि बसोबास गर्दै आएको जग्गाको लालपुर्जा नहुँदा मिटर नपाएको उनीहरुको गुनासो छ । गाउँमा बिजुली बत्ती त छ तर विद्युत् कार्यालयले लालपुर्जा नभएकालाई मिटर दिन मानेको छैन । स्थानीय सिरिया सदाले भने-'मुसहर बस्ती अझै उस्तै छ । यहाँका सबै सधैंजना अभावमा बाँचिरहेका छन् । यो बस्तीमा नेता भोटको बेलामा मात्रै आउँछन् । मत पाएपछि नेताको रङ फेरिन्छ तर बस्तीको रङ फेरिँदैन ।' निर्वाचनमा नेता परिवर्तन भए पनि आफूहरूको बस्तीमा परिवर्तन हुननसकेको उनको गुनासो छ । प्रत्येक निर्वाचनमा नेताले झुठो आश्वासन दिएर बस्तीको भोट लिने गरेको सिरियाले थपे । ''नेपाल सरकारले बडो धुमधामका साथ देशलाई खुलादिशामुक्त घोषणासमेत गरिसकेको अवस्थामा यस बस्तीमा शौचालय नहुँदा खुला ठाउँमा शौच गर्नुपर्ने बाध्यता छ । सबै नेताहरूले बस्तीमा सार्वजनिक शौचालय बनाइदिने आश्वासन दिए पनि कसैले पूरा नगरेको'' स्थानीयवासी बिरु सदाको गुनासो छ । यहाँका अधिकांश बासिन्दा जमिन्दारको जमिन बटैया अर्थात अधियाँमा खेती गर्छन् । वर्षाको बेला खेत डुबानमा पर्छ भने वर्षा नभएको बेला खडेरी लागेर बाली नष्ट हुन्छन् । त्यसको व्यवस्थापन नेताले गरिदिँदैनन् । गरिबको भोको पेट भर्न कहिले कुनै पहल गरिँदैन । भोट माग्ने बेला त के के न गर्छु भन्दै आउने दर्जनौं नेता फेरि जितेर गएपछि कता हराउँछन् ?' स्थानीयवासी विमलेश सदा प्रश्न गर्छन् । महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-३ मा पर्ने सो बस्ती जिल्लाको सङ्घीय निर्वाचन क्षेत्र नं ३ मा पर्दछ भने २०७४ को निर्वाचनमा यस क्षेत्रबाट सङ्घीय सांसदमा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर निर्वाचित भएको छ भने मधेश प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं ३ 'ख' अन्तर्गतपर्ने यस क्षेत्रबाट मधेश प्रदेशसभा सदस्यमा रानीकुमारी तिवारी निर्वाचित छिन् ।

वर्षौंदेखि मुसहरहरुको समस्याका आलो घाउ अझै आलै रहेको छ । उनीहरुको समस्या अझै जस्ताको तस्तै रहेका छन् । सधैं गास, बास र कपासको समस्यामा जेलिएका सो बस्तीका मुसहर अझै पनि तिनै समस्यामा जेलिएका छन् । वर्षौंदेखि गरिबी, विपन्नता र समस्यासँग जुझ्दै गरेका सो बस्तीका मुसहरका लागि न वडाध्यक्ष न नगरप्रमुख न प्रदेश सांसद र सङ्घीय सांसद समेतले अहिलेसम्म केही नगरिदिएको मुसहरहरुको सामूहिक गुनासो छ । अहिले भोट माग्न बिहान बेलुका र राति अबेरसम्म पनि थुप्रै नेता पुग्ने सो मुसहर बस्तीका ८५ जना बालबालिका जनप्रतिनिधकै कारण जन्मदर्ताविहीन रहेको स्थानीय मुसहरहरु आरोप लगाउँछन् । गरिबी र विपन्नताले जरो गाडेर बसेको सो गाउँको दलित मुसहरबस्तीमा बसोबास गर्ने अधिकांश परिवारका ८५ जना बालबालिका जन्मदर्ताविहीन रहेको सम्बन्धमा उनीहरुले पटक-पटक वडा कार्यालय नगरपालिकाको कार्यालय र आफ्ना प्रदेश तथा सङ्घीय सांसद समेतलाई जानकारी गराए पनि कतैबाट कुनै सहयोग नपाएको स्थानीय बिरजु सदाले दुःखेसो सुनाउँदै उनीहरुले वास्ता नदिएकै कारण अहिले आफ्नो बस्तीका बालबालिका जन्मदर्ताविहीन रहेको बताए ।

कस्तो बिडम्बना, जिल्लाको सदरमुकाममै पर्ने खैराको मुसहर बस्तीका दर्जनौं बालबालिका जन्मदर्ताविहीन हुँदा उनीहरु विभिन्न अधिकार र सुविधाबाट वञ्चित हुनुपरेको उनीहरु बताउँछन् । जन्मदर्ताको अभावमा सो बस्तीका बालबालिकाले नेपाल सरकारबाट प्राप्त हुने पोषणभत्ता, बालबालिकासँग सम्बन्धित अन्य सुविधा र निःशुल्क शिक्षाबाट समेत वञ्चित रहेको बस्तीका ५५ वर्षीया महिला जिबछी सदाले बताउछिन् । चरम गरीबीका कारण त्यस बस्तीका अभिभावक पनि बालबालिकालाई आवश्यक जन्मदर्ता बनाउनदेखि सरकारी सुविधा प्राप्त गर्नेसम्म पनि खासै मतलब नराखेको र बिहानबेलुका खानपानकै जोहोमा लाग्ने गरेको बस्तीकी वृद्ध महिला मरनी सदाले बताए । सोही बस्तीका बहादुर सदाले पनि बालबालिकाले के खाने, कसरी बाँच्ने कुराको व्यवस्थापनमै बस्तीका महिला, पुरुषहरुको दिनचर्या बित्ने गरेको कारण अरु कुनै कुरामा ध्यान पुऱ्याउन नसकिएको थपे । जिल्लाको सदरमुकाममै दर्जनौं बालबालिका जन्मदर्ताविहीन र अभिभावक नागरिकताविहीन हुनु स्थानीय सरकार र जनप्रतिनिधिको लागि लज्जास्पद कुरा रहेको जलेश्वरका बुद्धिजिवीको ठहर छ भने खैरा गाउँका मुसहर बालबालिका र तिनका अभिभावकलाई बस्तीमै गएर जन्मदर्ता र नागरिकता बनाइदिन सरोकारवालासँग जोडदार माग गरेका छन् ।

अहिले सो बस्तीका मुसहरुले त नेपाल सरकारले जनप्रतिनिधिका लागि आचारसंहिता लागू गरिदिएर उनीहरु केही गर्न नसक्ने भएका छन् । आधारभूत र जन्मसिद्ध अधिकारको कुराका लागि कुनै पनि बेला प्रशासनिक टोली पठाएर आफूहरुको समस्या समाधान गर्न/गराउने सक्ने भएकाले आफूहरुलाई तत्काल नागरिकता र बालबालिकालाई तत्कालै जन्मदर्ता बनाइदिन जोडदार माग गरेका छन् । मुसहर बस्तीमा पुगेका सञ्चारकर्मीलाई त उनीहरु यसपालि मङ्सिर ४ गतेको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा आफूहरु आफ्ना नागरिकता तथा बालबालिकाको जन्मदर्ता, बस्तीमा खानेपानी, शौचालय, पानी निकास, लालपुर्जा तथा रोजगारीको सुनिश्चित गर्ने तथा ती माग पूरा गर्न अहिले तत्कालै केही कदम चाल्ने उम्मेदवारलाई मात्रै आफूहरु भोट हाल्ने निधोसमेत गरिसकेको बताउँछन् ।

आफ्ना माग र समस्यालाई बेवास्ता गर्ने तथा आफूहरुलाई पुनः भूठो आश्वासन बाँड्ने वा ठग्न खोजिएमा कुनै पनि दल तथा उम्मेदवारलाई सो बस्तीका मुसहरले मतदान नगरी सम्पूर्ण बस्ती नै यसपालिको निर्वाचन बहिष्कार गर्ने चेतावनी पनि दिएका छन् । अशिक्षित र अबोध व्यक्तिको बाहुल्यता रहेको खैरा गाउँका मुसहर बस्ती सधैंभरि निर्वाचनको बेला खास भोट बैंकको रुपमा चिनिँदै आएको छ ।

# दुइ दर्जन युवाहरु जसपा प्रवेश

**टुडे समाचारदाता**



वीरगञ्ज । जनयुद्ध कालदेखि नै नेकपा माओवादी केन्द्रसँग आबद्ध रहेका वीरगञ्जका दुई दर्जन भन्दा बढी युवाहरु जनता समाजवादी पार्टी (जसपा) मा प्रवेश गरेका छन् ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर २३ का युवा नेता धर्मनाथ कुशवाह र कृष्णा कुशवाहको नेतृत्वमा दुई दर्जन भन्दा बढी युवाहरु सामुहिक रुपमा नेकपा माओवादी केन्द्र परित्याग गरी जसपामा प्रवेश गरेका हुन् ।

नवप्रवेशीहरुलाई पूर्वमन्त्री एंव पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधीसभा सदस्य उम्मेदवार प्रदीप यादवले खादा र टिका लगाएर पार्टीमा स्वागत गरेका छन् । जसपाको राजनीतिक समितिका सदस्य समेत रहेका यादवकै निवासमा बुधबार आयोजित एक अनौपचारिक कार्यक्रममा माओवादी केन्द्रका युवाहरु जसपामा प्रवेश गरेको यादवका स्वकीय सचिव निखिल बरनवालले जानकारी दिए । माओवादी केन्द्रमा परिवारवाद हावी हुँदै गएको र पार्टीमा कुनै योगदान नहुनेहरुको हाली मुहाली बढेको कारण आफूहरुले पार्टी परित्याग गरेको जसपामा प्रवेश गरेका धर्मनाथ कुशवाहले बताए । उनले भने ,'जनयुद्ध कालदेखि पार्टी भित्र रहेर हामीले संघर्ष गऱ्यौं तर हाम्रो त्यागको त्यहाँ मूल्यांकन भएन , आफ्नो परिवारका व्यक्तिलाई अगाडि बढाउने, पार्टीमा कुनै योगदान नहुनेलाई स्थान दिने प्रवृति हावी भएपछि हामीले घर परिवर्तन गर्न बाध्य भयौं ।

कुशवाहले जसपाले मधेशको मुद्दा उठाउनुका साथै शिक्षा, स्वास्थ्य, रोजगार लगायतको क्षेत्रमा समेत सुधार ल्याउने काम गर्दै आएकोले आफूहरुले जसपा प्रवेश गरेको प्रतिक्रिया दिए ।

उनले पर्सा जिल्लाको विकास र समृद्धीका लागि प्रदीप यादवलाई पुनः निर्वाचित गराउनु पर्नेमा जोड पनि दिए ।

# उखु बारीमा आगोलागी पाँच लाखको क्षती

**टुडे समाचारदाता**

बारा । जिल्लाको निजगढ नगरपालिका- ८ मा उखु बारीमा आगोलागी हुँदा ५ लाख बराबरको क्षती भएको छ । स्थानीय किसान राम खत्रीको उखु बारीमा आगोलागी हुँदा ५ लाख बराबरको क्षती भएको जिल्ला प्रहरी बाराले जनाएको छ ।

आगलागीको कारण खुलेको छैन । आगोलागीबाट १ बिघा उखुबाली जलेर नष्ट हुँदा अंदाजी ५ लाख रुपैंयाको क्षती भएको बारा प्रहरी प्रबक्ता राजेश थापाले जानकारी दिए । उखुबारीमा लागेको आगो स्थानीय, प्रहरी र निजगढ नगरपालिकाको दमकलको सहयोगमा आधाघण्टाको प्रयासपछि नियन्त्रणमा लिइएको थियो ।

त्यस्तै जितपुरसिमरा उपमहानगरपालिका-७ शान्ति टोल बस्ने ऊजर देवानको घरमा अचानक आगलागी हुँदा १ लाख बराबरको क्षती भएको छ । आगलागीबाट घरमा रहेका अन्न, लत्ताकपडा भाडावर्तन जलेर नष्ट भएको ईलाका प्रहरी कार्यालय जीतपुरले जनाएको छ ।

आगलागीबाट कुनै किसिमको मनावीय क्षती नभएपनि देवानको घरमा लागेको आयो स्थानीय र प्रहरीको सहयोगमा नियन्त्रण लिइएको थियो ।

# मतदाताको घरदैलोमा नेता

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा क्षेत्र नम्बर १ मा जसपा-एमाले गठबन्धनका साझा उम्मेदवारलाई जिताउन जसपाका महिला नेतृ र कार्यकर्ताहरुले पनि मतदातासँगको भेटघाटलाई निरन्तरता दिएका छन् ।

समाजवादी महिला सङ्घ मधेश प्रदेशकी उपाध्यक्ष पीङ्की यादवको अगुवाइमा महिला नेता कार्यकर्ताहरुले दिनहुँ घरदैलो गर्दै मतदातालाई भेटेर जसपा-एमाले गठबन्धनका साझा उम्मेदवारका लागि मत मागिरहेका छन् ।

यसैक्रममा बुधबार बिहान वीरगञ्ज महानगरपालिका वडा नम्बर १५ मा जसपाका महिला नेतृ र कार्यकर्ताहरुले घरदैलो गर्दै मतदातासँग भेटेका छन् ।

मतदातासँगको भेटघाटमा उनीहरुले मधेशका लागि मरि मेट्दै आएका जसपाकै कारण मधेशी, महिला, दलित, मुस्लिम लगायतले पहिचान र अधिकार पाएकाले जसपा नै मधेशको सच्चा पहरेदार भएको बताए ।

पर्सा-१ मा जसपाबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रदीप यादव मधेशका महिलाहरुको हक अधिकारको पक्षमा सडकदेखि सदनसम्म आवाज उठाउने नेता भएको भन्दै जसपाका नेतृहरुले यसपालि फेरि यादवको जित आवश्यक रहेको बताए ।

# टेम्पो दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा टेम्पो अनियन्त्रित भएर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

सबैला नगरपालिका-९ भठियनमा बुधवार टेम्पो अनियन्त्रित भइ पल्टिदा चालकको मृत्यु भएको छ ।

भठियनबाट दुई जना विद्यार्थीहरू बोकी खरियानीतर्फ जाँदै गरेको ज १ ह ३० ७३ नम्बरको टेम्पो बुधबार बिहान ११ बजे दुर्घटना हुँदा टेम्पो चालक सबैला नगरपालिका-१० खरियानीका ४४ वर्षीय रामसेवक पण्डितको मृत्यु भएको छ ।

यस्तै, अटोमा सवार धनुषाकै शहीदनगर नगरपालिका-१ का सन्तोष यादवकी ५ वर्षीया छोरी अंसुकुमारी यादव र सोही नगरपालिका-१ का दीलिप यादवका ९ वर्षीय छोरा कृष्णा यादव घाइते भएका भएका छन् ।

टेम्पो पल्टिदा घाइते तीनै जनालाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर पठाउने क्रममा चालक पण्डितको बाटोमा मृत्यु भएको थियो । घाइते २ जना बालबालिकाको अवस्था मध्यम रहेको इलाका प्रहरी कार्यालय सबैलाले जनाएको छ ।

# सरसफाइ अभियानमा कडाइ हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका- २ नक्टाझिजमा सरसफाइमा अभियान कडाइका साथ संचालन हुने भएको छ ।

बुधवार वडा कार्यालयको आयोजनामा भएको वृहत्त बैठकले वडाभरि सरसफाइ अभियान चलाउने र सडक अतिक्रमण गरी सडकको मापदण्ड भित्र राखेको सामग्री हटाएर सडक छेउ खाली गराउने कार्य कडाइका साथ संचालन गर्ने निर्णय गरेको छ ।

बैठकले यही मंसिर ५ गतेसम्मको समय तोकेर वडाभरिको मूल सडकलगायतका सबै शाखा सडकहरुमा बाटो अतिक्रमण गरी राखिएको सामग्री, गाइवस्तु, मल, गाडी लगायतको सबै समान हटाएर मापदण्ड अनुसार सडक पेटी खाली गर्न र सडक सफा राख्न वडाबासीमा अपिल गरेका छन् ।

मिथिला नगरपालिका २ का वडाअध्यक्ष विहारी महतोको अध्यक्षता तथा नगर प्रमुख महेन्द्र महतोको प्रमुख आतिथ्यमा भएको वडाको वृहत्त बैठकले सो निर्णय गरिएको छ ।

बैठकले सडक पेटी अतिक्रमण गरी सामग्री राख्ने सम्बन्धित वडावासीलाई सडक खाली गर्न मंसिर ५ गतेसम्मको समय दिएको छ । बैठकमा नगर प्रमुख महतोले वडाको अभियानमा भरपुर सहयोग गर्ने आश्वासन दिए । उनले वडा नं.२ लाई पालिकाकै नमूना वडाको रुपमा आफूले हेर्न चाहेको बताउँदै यसको लागि पालिकाको तर्फबाट गर्नुपर्ने सबै सहयोग गर्न तयार रहेको जनाए ।

वडा कार्यालय, सरसफाइ समिति तथा अभियानकर्ता युवाहरुले वडामा देखाएको सक्रियताप्रति धन्यवाद दिँदै कुनै भेदभाव र काखापाखा नगरी सडक अतिक्रम खाली गराउन, सरसफाइ अभियान कडाइका साथ संचालन गरी वडालाई नमुना बनाउन सबैलाई आग्रह गरे ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कूम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नियमित स्तनपान गराउनेको सङ्ख्या बढ्दै



चितवन । जिल्लामा नवजात शिशुलाई नियमित स्तनपान गराउनेको सङ्ख्या बढ्दै गएको छ । पछिल्लो तीन वर्षको तथ्याङ्कलाई हेर्दा शिशु जन्मिएपछि छ महिनासम्म पूर्ण स्तनपान गराउनेको सङ्ख्या बढ्दै गएको हो ।

स्वास्थ्य कार्यालय चितवनले प्रकाशन गरेका वार्षिक प्रगति प्रतिवेदनअनुसार जिल्लामा गत आर्थिक वर्षमा ३० प्रतिशत बालबालिकाले छ महिनासम्म पूर्ण स्तनपान गरेका छन् । यो सङ्ख्या आर्थिक वर्ष २०७७/७८ मा १९ दशमलव ३ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७६/७७ मा यो सङ्ख्या १७ दशमलव २ प्रतिशत रहेको थियो ।

यस्तै तीन आर्थिक वर्षमा छ महिनापछि पूरक खाना खुवाउनेको सङ्ख्या पनि बढ्दो क्रममा रहेको कार्यालयको तथ्याङ्कले जनाएको छ । कार्यालयका जनस्वास्थ्य अधिकृत गीतागञ्जली ढकालका अनुसार आर्थिक वर्ष २०७८/७९ मा पूरक खाना खुवाउनेको सङ्ख्या ३२ दशमलव ६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यो सङ्ख्या १७ दशमलव ९ प्रतिशत रहेको थियो भने २०७६/७७ मा १४ दशमलव ९ प्रतिशत थियो ।

कार्यालयका गरेको वृद्धि अनुगमनका क्रममा १ दशमलव २ प्रतिशत बालबालिकामा कम तौल भएको पाइएको ढकालले जानकारी दिनुभयो । कम तौल हुनेमा राप्ती नगरपालिकामा धेरै रहेका छन् । आर्थिक वर्ष २०७७/७८ मा यस पालिकामा १० दशमलव ६ प्रतिशत बालबालिकामा कम तौल रहेको थियो भने आर्थिक वर्ष २०७८/७९ मा ३ दशमलव ५ मा झरेको छ । यो सङ्ख्या आर्थिक वर्ष २०७६/७७ मा ६ दशमलव ६ प्रतिशत रहेको थियो ।

शिशु जन्मिएको छ महिनासम्म नियमित स्तनपान गराउँदा स्वस्थ पौष्टिक तत्व पाउने भरतपुर अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा खेमराज पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार नियमित आमाको दूध सेवनले बच्चामा रोगसँग लड्नसक्ने क्षमता वृद्धि गर्ने, अन्य रोगको सङ्क्रमण कम हुने, बच्चाको वृद्धि विकास छिटो हुने गर्दछ।

आमाले आफ्नो शरीरको बनावट बिग्रने बहानामा बच्चालाई दूध खुवाउन छाड्ने गरेको भन्दै उहाँले त्यसो गर्नु बाल स्वास्थ्यका लागि नराम्रो भएको उहाँको भनाइ छ । छ महिनापछि पूरक खाना खुवाउँदा बच्चालाई थप पोष्टिक तत्व लिटो, जाउलो, भैँसीको दूध खुवाउँदा बालबालिका बढ्न सहयोग पुग्ने उहाँले बताउनुभयो ।

आमाको दूधबाट अपुग हुने पदार्थको पूरक खानाबाट मिल्ने गरेको पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "छ महिनापछि आमाको दूधले पौष्टिक तत्व पुग्दैन । यसका लागि पूरक खाना खुवाउनु पर्छ ।" शारीरिक तथा मानसिकरुपमा वृद्धि विकासका लागि पूरक खाना आवश्यक रहेको उहाँले बताउनुभयो । बच्चाको खानपानमा ध्यान नदिँदा तौलम कमी आउने डा पौडेलले जानकारी दिनुभयो ।रासस

# निर्वाचन प्रचारअन्तर्गत जुलुस, आमसभा र कोणसभा गर्ने चरण आजदेखि

काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कात्तिक १७ गते देखि दल र उम्मेदवारले जुलुस, आमसभा र कोणसभा गर्न पाउने निर्वाचन प्रचारप्रसारको दोस्रो चरणमा प्रवेश हुने भएकाले सो चरणमा निर्वाचनको निष्ठालाई जोगाएर आचारसंहिताको पालना गर्न दल र उम्मेदवारलाई आग्रह गर्नुभएको छ । मङ्सिर ४ गते हुने निर्वाचन प्रचारप्रसारको दोस्रो चरणमा प्रवेशको अघिल्लो दिन बुधबार आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रमुख आयुक्त थपलियाले आचारसंहिता उल्लङ्घनका विषयमा परेका उजुरीका आधारमा हालसम्म ७१ व्यक्ति र संस्थालाई सोधिएको स्पष्टीकरणमा जवाफ आउने, तथ्य जुटाउने र अध्ययनको क्रम जारी रहेको बताउनुभयो ।



आयोगका निर्णय र कारबाहीबारे अदालतमा मुद्दा जाँदा पनि आयोगको निर्णय सदर हुने गरी आयोगले सोचिरहेको उहाँले स्पष्ट गर्नुभयो । "आचारसंहिता आफैँमा एक नैतिक र कानूनी बन्धन हो । यो बन्धन दल, उम्मेवार अन्य पक्षले नचुँडाल्ने हो भने आयोग र राज्यका संयन्त्रले कारबाहीका लागि कुनै काम गरिरहनु पर्दैन", प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "पहिलो स्पष्टीकरण चित्त नबुझेमा दोस्रो स्पष्टीकरण सोध्ने र उल्लङ्घनको प्रमाण र अवस्था हेरेर सचेत, दण्ड जरिवाना तथा उम्मेदवारी खारेजीसम्मको निर्णयमा जानुपर्ने हुन्छ । हालसम्म चलेका स्पष्टीकरणबारे हामी यही कात्तिक २५ गतेभित्रै निर्णयमा पुग्नेछौँ ।"

उहाँले निर्वाचनमा सबै पक्षको सहभागिता हुने आयोगको अपेक्षा रहेको र निर्वाचन बिथोल्न हुन सक्ने गतिविधिको नियन्त्रणका लागि सुरक्षा निकायसँग आवश्यक समन्वय भइरहेको जनाउँदै मतगणनास्थलमा तारजाली राख्नुपर्ने अवस्था लोकतन्त्रका लागि सुखद् नभएकाले त्यस्तो दुरावस्थाबाट माथि उठ्न आग्रह गर्नुभयो । प्रमुख आयुक्त थपलियाले मतदानका दिन सवारी साधनको व्यवस्थित र नियन्त्रित सञ्चालनबारे सम्बन्धित निकायका प्रतिनिधिसहितको कार्यदलले काम गरिरहेको जानकारी दिनुभयो भने दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै अनलाइन सञ्चारमाध्यममा पनि विज्ञापनबाट प्रचारप्रसार गर्न सक्ने स्पष्ट गर्नुभयो ।

आयोगले उम्मेदवार तथा राजनीतिक दलले आचारसंहिताको पालना र तोकेको सीमाभित्र रही खर्च गरे नगरेको निगरानी गरी निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई जिम्मेवारी दिइएको छ। निर्वाचन आचारसंहिता, २०७९ ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी साधनको प्रयोग भए नभएको विषयमा आवश्यक निगरानीको व्यवस्था मिलाइएको छ।

आचारसंहिताबमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ। खर्चको हिसाबकिताब आयोगले तोकेको ढाँचा र लेखाप्रणालीअनुसार राख्नुपर्ने र राजनीतिक दलकोतर्फबाट हुने निर्वाचनसम्बन्धी स्वेच्छिक आर्थिक सहयोग लिँदा तथा खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ बमोजिम गर्नुपर्नेछ। राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा निजकोतर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण १० दिनभित्र आयोगमा पठाउनुपर्नेछ।

निर्वाचन आचारसंहिता, २०७९ मा आयोगले सामाजिक सञ्जालमा दल, उम्मेदवार र आम मतदाताले राजनीतिक विज्ञापन गर्न पाउने र प्रचारप्रसारका लागि उपयोग गर्न पाउने व्यवस्था गरेको छ । निर्वाचनका समयमा कुनै पनि दल वा उम्मेदवारविरुद्ध तथा निर्वाचनलाई प्रतिकूल असर पार्ने उद्देश्यले सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट एवं सङ्गठितरूपमा नीहित राजनीतिक स्वार्थका लागि फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिमार्फत अभिव्यक्ति स्वतन्त्रतामाथि हस्तक्षेप नगर्न सजग तुल्याइएको छ । सङ्गठितरूपमा नीहित राजनीतिक उद्देश्यले फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिले निर्वाचनमा पर्न सक्ने चुनौतीलाई मध्यनजर गर्दै सामाजिक सञ्जाल नियमनका लागि सम्बन्धित सामाजिक सञ्जालका कम्पनीसँग पनि आयोगले सहकार्य गर्दै आएको छ । नागरिकको अभिव्यक्ति स्वतन्त्रता र मतदाताको सुसूचित हुन पाउने अधिकार निर्वाधरूपमा प्रयोग गर्नका लागि गरिएको यस्तो कार्यलाई गलत अर्थमा नबुझी नियमन गर्ने कार्यलाई सहजीकरण गर्न र निर्वाचनको निष्ठा जोगाउन सबैलाई आह्वान गरिएको छ।

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गरे नगरेको अनुगमन गर्न आयोगले केन्द्रमा केन्द्रीय आचारसंहिता अनुगमन समिति तथा जिल्लामा जिल्ला स्तरीय अनुगमन समितिलाई क्रियाशील तुल्याई आचारसंहिता कार्यान्वयन भए/नभएको अनुगमन गर्ने अनुगमनकर्ताले आचारसंहिता उल्लङ्घन गरेको ठहर गरेमा सम्बन्धित स्थानमा नै कारबाही गर्नसक्ने अधिकार प्रत्याजोन गरिएको छ।

आचारसंहिता लागू भएको मिति २०७९ असोज १२ गतेदेखि आजसम्म आचारसंहिता उल्लङ्घन गर्ने ७१ व्यक्ति/संस्थालाई आयोगबाट स्पष्टीकरण सोधिएको छ । प्राप्त स्पष्टीकरण उपर छानविन र जाँचबुझ गरी आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको छ।

निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ ले निषेध गरेका शान्ति भङ्ग गर्न नहुने, अनधिकृत प्रभावमा पार्न नहुने, नगद वा जिन्सी लिन दिन नहुने, चरित्र हनन गर्न नहुने, अनुचित ढङ्गले सवारीसाधनको प्रयोग गर्न नहुने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने, अन्य व्यक्तिबाट खर्च गराउन नहुने, निर्वाचनको गोपनीयतालाई भङ्ग गर्न नहुनेलगायत ऐनमा भएका व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।रासस

# कुवेत एयरले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने

काठमाण्डु । कुवेतको ध्वजावाहक कम्पनी कुवेत एयरले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने योजना पेश गरेको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का अनुसार उक्त एयरले अबको एक महिनापछि भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने योजना पेस गरेको हो ।




गएको सोमबार मात्रै उक्त एयरले कुवेत-नेपाल चार्टर उडान सुरु गरेको नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार कुवेत-नेपाल दुईतर्फी उडानका लागि करिब दुई महिनाअघि कूटनीतिक प्रक्रिया सुरु गरेको उक्त कम्पनीले सुरुआतमा चार्टर उडान सुरु गरेको हो ।

उक्त कम्पनीले चार्टर उडान सुरु गरेको र हाल पर्यटकको यामसँगै अगाडि नै तालिका लिइसकेका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्न दिइएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त कम्पनीलाई चार्टर उडानका लागि भैरहवा गन्तव्य कायम गरिने र आउँदो डिसेम्बरबाट यो कम्पनीले भैरहवामै नियमित उडान गर्ने योजना पेस गरिसकेको छ।

उक्त कम्पनीले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने योजना पेस गरेको भए पनि उडान तालिका प्रस्ताव आउन बाँकी रहेको बताइएको छ । भैरहवाबाट हाल कुवेतकै जजिरा एयरवेजले नियमित उडान गर्दै आएको छ । कुवेत एयरको नियमित उडान सुरु भएसँगै बजार थप प्रतिस्पर्धात्मक हुने प्राधिकरणले जनाएको छ।

यसैगरी अबुधाबीस्थित बिज एयरले आफ्नो उडान मिति तत्कालका लागि स्थगित गरेको बताइएको छ। अबको डेढ महिनापछि भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्ने वायुसेवा कम्पनीको सङ्ख्या आधा दर्जनभन्दा बढी पुग्ने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ। डिसेम्बर १६ बाटै प्राधिकरणले फ्लाइ दुबई, कतार एयरवेज, एयर अरेबियालगायत वायुसेवालाई गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्न निर्देशन दिइसकेको छ।

**हिमालय एयरलाइन्सले चार्टड उडान गर्ने**

निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी हिमालय एयरलाइन्सले यही कात्तिक १७ गते बिहीबारदेखि भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट चार्टड उडान गर्ने भएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता जगन्नाथ निरौलाका अनुसार उक्त हवाई सेवा प्रदायक कम्पनीले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई वटा चार्टड उडान गर्न सहमत भएको हो । यसअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको 'विन्टर सेड्युल' अन्तर्गत नेपाल वायुसेवा निगमले तोकेको मितिबाट भैरहवाबाट उडान नगरेको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले वायुसेवा निगमको आइतबारको उडान रद्द गरिदिएको थियो ।रासस

# सरकारी साधन प्रयोग गर्न रोक लगाइयो

काठमाण्डु । नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९ ले रोक लगाएको छ।

आगामी मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढङ्गले सम्पन्न गराउन निर्वाचन आयोगबाट जारी आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले निर्वाचन प्रचारप्रसारका क्रममा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ।

संशोधित आचारसंहिता बमोजिम निर्वाचनमा आफै उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुन सक्नेछन् । त्यसरी प्रचारप्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न भने आचारसंहिताले रोक लगाइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

ती व्यवस्थाको पालना गर्न तथा गर्न लगाउन निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सरकारका मन्त्रीहरुलाई तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश सरकारका मन्त्रीलाई निर्देशन दिइसकेको छ। आचारसंहितामा नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन र प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालयमार्फत वा सोझै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेशभित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुनसक्ने व्यवस्था रहेको छ।

स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछन् ।रासस

# चितवनमा घरजग्गाका कारोबारमा गिरावट

भरतपुर । चितवनमा घर जग्गाको कारोबारमा गिरावट आएको छ । मालपोत कार्यालय भरतपुरका अनुसार पछिल्लो छ महिनाको अन्तरालमा घरजग्गा कारोबार झण्डै आधाले घटेको हो। गत वैशाखदेखि असोजसम्मको तथ्याङ्कअनुसार चितवनमा घरजग्गा कारोबार आधाले घटेको पाइएको कार्यालयका प्रमुख शेरबहादुर भण्डारीले बताउनुभयो । बैंकबाट कर्जा पाउन कठिन र ब्याजदरमा वृद्धि हुँदा घरजग्गा कारोबार सिथिल बनेको उहाँको भनाइ छ। उहाँका अनुसार यो महिना त झन् २० प्रतिशत मात्र घरजग्गाको कारोबार भएको छ।



अहिले बैंक तथा वित्तीय संस्थाले लिलामीमा राखेका घरजग्गासमेत बिक्री नभएको व्यवसायीले बताउँदै आएका छन्। घरजग्गा किन्न खोज्ने पनि सहजै बैंकिङ कर्जा नपाउँदा यो अवस्थामा लगानी गरिहाल्ने मुडमा छैनन् । यो अवस्थामा घरजग्गाको मूल्य घट्ने आँकलन व्यवसायीको छ । त्यसकारण पनि खरिदकर्ता पर्ख र हेरको अवस्थामा छन् । तरलता अभावसँगै सरकारले भूउपयोग नियमावली कार्यान्वयनमा ल्याएपछि जग्गा वर्गीकरणविना कारोबार गर्न पाइँदैन । सोही कारण घरजग्गा कारोबारको सङ्ख्या घटेको प्रमुख भण्डारीले बताउनुभयो। भूमि व्यवस्था मन्त्रालयले आगामी मङ्सिर २३ गतेभित्र स्थानीय तहलाई आफ्नो कार्यक्षेत्रभित्रको जग्गालाई कृषि क्षेत्र र गैरकृषि क्षेत्रमा छुट्याउनुपर्ने गरी पत्राचार गरेको थियो।

घरजग्गा व्यवसायी सङ्घ चितवनका अध्यक्ष बाबुराम अधिकारीले चितवनमा घरजग्गा व्यवसायी र किसान दुवै समस्यामा परेको बताउनुभयो। उहाँले भन्नुभयो, "किसानले बिरामी पर्दा, छोराछोरी विदेश पठाउँदा पनि आफ्नो जग्गा बेच्न पाएका छैनन्। अर्कोतर्फ सबै पालिकामा कित्ताकाट नखुल्दा पनि व्यवसायी र सर्वसाधारण पीडामा परेका छन् ।" उहाँले भन्नुभयो, "भरतपुर महानगरपालिकामा झण्डै पाँच सय लिखत निवेदन थन्किएर बसेका छन् । भित्रभित्र एउटा फाइलको रु ५० हजार लिएर सिफारिस गर्ने गरिएको छ।" वडाले सिफारिस गरेपछि फेरि महानगरको प्राविधिकले हेर्ने त्यसले माथि प्रतिवेदन दिएपछि प्रमुख तथा उपप्रमुख रहेको अर्को समितिले अध्ययन गर्ने भनेर प्रक्रियालाई झन्झटिलो बनाएर नागरिकलाई दुःख दिने काम भएको उहाँले बताउनुभयो।

चितवनका अर्का व्यवसायी दिनेशकुमार चुके कित्ताकाटको समस्या नसुल्झँदा समस्या आएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "घरजग्गामा धेरै लगानी गरेका चितवनका व्यवसायी समस्यामा परेका छन् । स्थानीय तहको निगरानीमा किनबेच हुने व्यवस्था गर्नसकेमा राम्रो हुने थियो।"

लिखत पारित घट्दाको प्रत्यक्ष असर राजस्व सङ्कलनमा पनि परेको छ। मालपोत कार्यालय चितवनको तथ्याङ्क हेर्दा मालपोत कार्यालय चितवनमा वैशाख महिनामा एक हजार एक सय ३५ वटा लिखत पास भएकामा असोज महिनासम्म आउँदा चार सय ९६ वटा लिखत पास भएका छन् । जेठ महिनामा एक हजार एक सय ७० पुगेको लिखतको सङ्ख्या असार, साउन र भदौमा निरन्तर ओरालो लागेको हो। जुन घटेको तथ्याङ्क ५६.३० ले कम हो । वैशाखमा एक सय २५ वटा पास भएको माडी मालपोतको लिखत घटेर असोजमा ५९ मा झरेको थियो भने चार सय ५३ रहेको चनौली मालपोतको लिखित असोजमा एक सय ३५ मा झरेको थियो । पूर्वी चितवनको खैरहनी मालपोतमा पनि वैशाखमा २२८ रहेको सङ्ख्या घटेर असोजमा एक सय ३० मा घटेको तथ्याङ्कले देखाउँछ।

उक्त अवधिमा मालपोत कार्यालय चितवनमा घरजग्गा कारोबारबाट उठ्ने राजस्वमा पनि झण्डै ५० प्रतिशत गिरावट आएको देखिन्छ । भूमि व्यवस्थापनतथाअभिलेखविभागको तथ्याङ्कअनुसार चितवनमा गत वैशाखमा रु १० करोड ४५ लाख ४४ हजार एक सय ५२ राजस्व सङ्कलन भएकामा असोजमा घटेर रु छ करोड १९ लाख १३ हजार पाँच सय ८७ मात्र राजस्व सङ्कलन भएको छ। यो सङ्ख्या ४० प्रतिशत बढीले कम हो।

मालपोत कार्यालय चितवनले यो आर्थिक वर्षको पछिल्लो तीन महिनामा एक हजार पाँच सय ८६ वटा मात्र जग्गा खरिद बिक्री भएको जनाएको छ। यो अवधिमा कार्यालयले रु २४ करोड ९६ हजार राजस्व सङ्कलन गरेको छ।

**महानगरपालिकाले खुलायो जग्गाको कित्ताकाट**

भरतपुर महानगरपालिकाले जग्गाको कित्ताकाट खुलाएको छ। पाँच हजार वर्गमिटरभन्दा कम अर्थात् १४ कट्ठा १५ सम्म क्षेत्रफल भएको जग्गाको कित्ताकाट खुला गरिएको महानगरका उपप्रमुख चित्रसेन अधिकारीले जानकारी दिनुभयो। जग्गा व्यवसायीसँग भएको मौखिक सहमतिपछि महानगरले बोर्ड बैठकबाट नै जग्गा कित्ताकाटको निर्णय गरेको अधिकारीले बताउनुभयो। भू-उपयोग नियमावली, २०७९ को नियम ८ मा भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने आधार र मापदण्ड रहेको छ। रासस

# नेपाललाई सहायता प्रदान गर्ने मुलुकको सूचीमा पुनः आबद्ध गर्दै जर्मनी

काठमाण्डु । अर्थमन्त्री जनार्दन शर्मा र नेपाल भ्रमणमा रहेको जर्मनीका आर्थिक सहयोग र विकास मन्त्रालयका संसदीय राज्यमन्त्री वारवेल कोफलरको नेतृत्वमा रहेको टोलीबीच दुई देशबीचको सम्बन्ध, आपसी हित र सहयोगका विविध क्षेत्रबारे गहन छलफल भएको छ।



अर्थ मन्त्रालयमा भएको भेटवार्तामा उहाँहरूबीच जर्मनी र नेपालका प्राथमिकताका क्षेत्र तथा सहयोगलाई निरन्तरताका विषयमा केन्द्रित रही विचार विमर्श भयो । जर्मनी नेपालको सामाजिक रुपान्तरण र आर्थिक विकासको प्रमुख साझेदार मुलुक हो । जर्मनीले नेपाललाई पुनःद्विपक्षीय सहायता प्रदान गर्ने मुलुकको सूचीमा आबद्ध गर्ने घोषणा गरेको छ।

सो अवसरमा अर्थमन्त्री शर्माले नेपालको आर्थिक विकास र लोकतान्त्रिक प्रक्रियामा मित्र राष्ट्र जर्मनीबाट निरन्तर साथ र सहयोग प्राप्त भइरहेकामा धन्यवाद ज्ञापन गर्दै कोभिड-१९ सङ्क्रमण रोकथाममा पनि भएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । जर्मनीले नेपाललाई लामो समयदेखि दिगो आर्थिक विकास, ऊर्जा र स्वास्थ्यका क्षेत्रमा प्रभावकारी सहयोग उपलब्ध गराउँदै आएको छ । नेपालले जर्मनीसँग पूर्वाधार निर्माण, कृषि र उद्योगका क्षेत्रमा पनि सहयोगको अपेक्षा गर्दै आएको छ।

भेटपछि मन्त्रालयका वैदेशिक सहायता महाशाखाका प्रमुख एवं सहसचिव ईश्वरी अर्यालले दुई देशका प्राथमिकताका क्षेत्रका अतिरिक्त नवीकरणीय ऊर्जा, स्वास्थ्यलगायतका क्षेत्रमा सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको बताउनुभयो।

जर्मनीले विभिन्न गैरसरकारी संस्थामार्फत पनि नेपाललाई सहयोग पुऱ्याउँदै आएको छ । भेटका अवसरमा नेपालका लागि जर्मनका राजदूत डा थोमस प्रिन्जलगायत सहभागी हुनुहुन्थ्यो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# निर्वाचन आयोगको मौनता

मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधि सभा चुनावको मिति नजिकिने क्रमसँगै आचारसंहिताको व्यापक उल्लंघन हुन थालेको छ। निर्वाचन आयोगले कडाईका साथ निषेध गरेकोछ। आयोगको आचारसंहिता र निर्देशनलाई अवज्ञा गर्ने उम्मेदवारको उम्मेदवारी बदर, जरिवाना समेत हुन सक्ने प्रावधान छ । तर आयोगको आचारसंहिता र निर्देशनलाई खुल्लेआम अवज्ञागर्दै उम्मेदवारहरुले प्रचारप्रसार गरिरहेका छन् । निर्वाचनमा बालबालिकाको प्रयोग गरिए कैद र जरिवानाको समेत प्रावधान छ । त्यसको सूचना आयोगले हरेक मोबाइलमा बज्ने घण्टीबाट दिइरहेको छ। निर्वाचन आयोगले दिएको सूचनाको अक्षरशः पालना गर्नुपर्ने हो । तर उम्मेदवारहरुले त्यसलाई धोती लाइदिएका छन् । निर्वाचन आचारसंहितालाई कार्यान्वियन गर्नुपर्छ भन्ने सरोकार उम्मेदवारहरुले राखेका छैनन् । निर्वाचन आयोगमा पर्ने यस्ता उजुरीहरु उपर कार्वाहीको प्रक्रिया पनि कमै प्रकरणमा थालिएको देखिन्छ । निर्वाचन आयोग स्वयं निष्पक्ष र तटस्थ हुनुपर्छ । कुनै पनि उम्मेदवारले आयोगमाथि आक्षेप लगाउने अवसर पाउनु हुँदैन् । आयोगमाथि आक्षेप लागे चुनावको निष्पक्षतामाथि प्रश्न उठ्न सक्छ । त्यसकारण आयोग सम्पूर्ण रुपमा तटस्थ हुनुपर्छ । कसैलाई काखा र पाखा गर्ने काम आयोगको होइन् । आचारसंहिता र निर्देशनलाई अवज्ञा गर्ने जुनसुकै पार्टी अथवा स्वतन्त्र उम्मेदवारलाई ऐन अनुरुप कार्वाही हुनैपर्छ । चुनाव निष्पक्ष गराउनु नै निर्वाचन आयोगको उपलब्धि र सफलता पनि हो । धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट नेकपा एमालेकी नेतृ जुली महतो प्रतिनिधि सभामा उम्मेदवार छिन् । उनका पति रघुबीर महासेठ धनुषा जिल्लाकै निर्वाचन क्षेत्र नम्बर ४ बाट एमालेको प्रतिनिधि सभा उम्मेदवार हुन् । दुबै जनाले निर्वाचन आचारसंहिताको घोर उल्लंघन गरिरहेका छन् । महासेठले मतदातालाई प्रभावित गर्न दिनमै साडी वितरण गर्न थालेका छन् । महतोले बालबालिकाको प्रयोग र निषेधिक फ्लेक्स बोर्डको प्रयोग गरिरहेका छन् । निर्वाचन आयोगले उनीहरु मध्ये महतोलाई एकपटक स्पष्टिकरण सोधे पनि महासेठलाई कार्वाहीको दायरामा ल्याएको छैन् । महासेठ र महतोले मात्र नभै अन्य दलका उम्मेदवारहरुले समेत आचारसंहिताको उल्लंघन गरिरहेका छन् । सरकारी कर्मचारीहरु प्रत्यक्ष रुपमा चुनाव प्रचारमा लागेका छन् । त्यस विरुद्धको उजुरी निर्वाचन आयोग र सञ्चार माध्यमहरुको कार्यालयमा दिनहुँ आइरहेको छ । प्रमाण सहितको उजुरीहरुलाई आधार बनाएर नियमित रुपमा समाचार समेत प्रकाशन प्रशारण भइरहेका छन् । तर निर्वाचन आयोगले त्यस आधारमा कार्वाही गर्न सकिरहेको छैन् । आयोगको मौनताबारे उम्मेदवारहरुले अनेक टिप्पणी गर्न थालेका छन् । त्यसलाई साकारात्मक रुपमा लिनु हुँदैन् । निर्वाचनको परिणाम जे सुकै भए पनि चुनावको प्रक्रिया पूर्ण रुपमा निष्पक्ष हुनुपर्छ ।

# चुनावी तालमेलमा देखिएका बागी उम्मेदवारहरू



डा. रामसागर पंडित

नेपालको संविधान २०७२ अनुसार यो दोस्रो आम चुनाव हुन् गइरहेछ । आजसम्म आउँदा यस चुनावमा निकै ठूलूठूला तालमेल तथा गठबन्धन बनाएर भिडेका छन् । पार्टीहरूका सिद्धान्त खस्किँदै गएको छ । दिन दहाडै पार्टी परिवर्तन गर्नेहरूको होड चलेको देखिन्छ। पार्टीहरूले हिज्जोसम्म राजनीतिको मूल शत्रु मान्नेसँग मित्रता गर्न पुगेका छन् । सहीकार्यकर्ताहरूलाई साइड लगाएका छन् । नयाँ प्रवेशीहरूलाई धमाधम टिकट बाँड्दै छन् । पुराना त हाम्रै हो, नयाँलाई आफ्नो बनाउनु पर्‍यो भने दलील ठोकीरहेका छन् ।

कस्तो बिडम्बना, हिज्जोसम्म कम्युनिष्टहरू काँग्रेसलाई र काँग्रेसहरूले कम्युनिष्टलाई मानेका मूल शत्रु सकिएको देखिन्छ अर्थात नेपालमा उनीहरूका देखाइमा अब कोही सर्वहारा वर्गभित्र रहेन । सबैका सबै सम्पन्न भैसके । उता काँग्रेसी मानसिकताका नेताहरूका लागि समाजवाद आइसकेकोले अब सबैलाई यसैभित्र मिलाएर लग्नु पर्‍यो । यस्ता बुझाइ हाम्रा नेताहरूमा देखिन्छ । नेताहरू प्रतिपादित राजनीतिक सिद्धान्तलाई जे जस्तो अर्थमा बुझे पनि त्यही ठीक रहेछ। विश्वबाट प्रमाणित सिद्धान्तहरूलाई नेपालका यी नेताहरूले लालबुझक्कर जस्तै प्रयोग गर्दा पनि सबैमा सबैका ताली पिट्न रमाएका छन् ।

यता चरमदक्षिणपन्थी पार्टीको नेतृत्व गर्ने पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी पनि निर्वाचनमा तनमनधनले लागेको छ । यिनीहरूले आ-आफ्ना राजनीतिक मेसिफेस्टो लिएर निर्वाचनमा होमिएका छन् । उनीहरूले राजा र हिन्दू राज्यको सन्दर्भमा पटक-पटक जन्मत संग्रहमा जानु पर्ने कुरा उठाउँदै आएका छन् । अहिले त्यही कुरालाई लिएर जनता सामु जाँदा उनीहरूका पक्षमा यदि बहुमत आएन भने के बुझ्नु पर्छ भने यहाँका जनता राजा र हिन्दू राज्यलाई नकारी सकेका छन् । त्यसैले अब निर्वाचनपछि यस्ता स्लोगन जनता सामुने लग्नु भनेको बाहियात कुरो बाहेक केही होइन । हाम्रो समाजको आफ्नै व्यवहार तथा परम्परा रहेका छन् । यस्ता व्यवहार र परम्परालाई जोड्दै अगाडि बढ्नु बाहेक अर्को बिकल्प देखिन्न ।

अहिले जनता गठबन्धनका नेताहरूलाई गठबनधनबारे विभिन्न प्रश्न सोधिरहेका छन् । सोध्नु पनि स्वभाविक हो किनभने वामपन्थी र प्रजातान्त्रिक पार्टीहरूसँग गठबन्धन हुनु भनेको आगो र पानीलाई एक ठाउँमा राख्नु सरह जस्तै देखिन्छ । यस्ता गठबन्धनका नेताहरूका भनाइतिर जाँदा उनीहरूका भनाई के छ भने गठबन्धन गर्नु हाम्रो बाध्यता हो । जब राष्ट्रिय कुरामाथि खतरा/आक्रमण हुन्छ भने वामप्रजातान्त्रिक पार्टीहरू हामी एक ठाउँमा आएर त्यसलाई बचाउनु भनेको कुनै अप्राकृतिक गठबन्धन होइन । उनीहरूले केपी ओली अर्थात नेकपालाई रोक्न यस्ता गठबन्धनको विकल्प थिएन । स्थानीय निर्वाचनको परिणामले नेकपा (एमाले) लाई केही झटका लागे पनि संघीय शासनका लागि उसको विरूद्धमा सबै मिलेर अर्को झटका दिन सकेनन् भने जनताले बनाएको संविधान २०७२ लाई बचाउन सकिँदैन । ओलीले आफ्नो सरकारका बेला एक चोटी होइन दुई/दुई चोटी संविधानमाथि अवैध आक्रमण गरिसकेका छन् । यी पार्टीहरूले नै गठबन्धन गरेर अहिलेसम्म संविधानलाई जोगाएका छन् । देशमा संविधानै रहेन भने देश प्रतिगमनतिर धकेल्ने छ ।

संविधान कै पूर्णतः पालना गर्दै न्यायपालिकाको शरणमा बहुमत प्रतिनिधि सभा सदस्य सशरीर पुगेर मुद्दा गर्दा सर्बोच्चबाट भएको परमादेशलाई अहिलेसम्म चुनौती दिन बिर्सेका छैनन् र त्यही बेलादेखि यस सरकारलाई जनादेशबाट होइन परमादेशबाट बनेको सरकार भनि रहेका छन् । यसबाट के देखिन्छ भने न्यायपालिका निर्णयलाई पनि नमाने जस्तै व्यवहार गर्नबाट पछि परेका छैनन् । अर्कोतिर अहिले निर्वाचनको घोषणाभन्दा केही पहिले नागरिकता विधेयकमा राष्ट्रपति विधादेवी भण्डारीद्वारा भएको संविधानको ठाडो उलंघनलाई हेर्दा अहिले पनि संविधानलाई बिफल बनाउनबाट पछि परेको देखिँदैनन् । यसमा पनि ओलीको विरोध सबैको सामुन्ने प्रष्ट छ । यस्ता हठले गर्दा देशलाई पुनः भारभैलोमा धकेल्न खोजेको कुरा जनताबाट लुकेको छैन । एकातिर नेकपा (एमाले) नागरिकता विधेयकलाई संसदबाट रोक्न नसकेर राष्ट्रपतिलाई प्रयोग गरेर संविधानमाथि सोझो आक्रमण गराएका छन् । यसरी यस्ता प्रतिगमनतिर धकेल्ने कार्यलाई रोक्न हाम्रो गठबन्धन अहिलेको निर्वाचनसम्म एकदमै जायज हो । प्रजातान्त्रिक समूहका सबै पार्टीहरू मात्र संविधानको पक्षमा उभिएका छन् भने केही बामपन्थी घटकहरू समेत यस संविधानलाई पछाडि धकेल्न चाहँदैनन् । उनीहरू समेत यसै संविधानलाई अग्रगमनको बाटोमा दौराउन चाहनछन् ।

अहिले मङ्सिर ४ गतेमा हुन लागेको निर्वाचनमा पनि यसै दुई पक्ष अग्रगमन र प्रतिगमनबीचको प्रतिस्पर्धा देखिन्छ । यदि ओली पक्षीय गठबन्धन चित्छ भने भोलि यो संविधान कता जान्छ त्यसको ठेगान छैन । देशमा तानाशाही सरकारको जन्म हुन्छ र त्यसको विरूद्धमा लड्न बर्षौं लाग्न सक्छ । यसैले यसपालिको निर्वाचनमा जनताले मत हाल्दा बडो सूझ-बूझका साथ आ-आफ्ना मत हाल्नु पर्ने हुन्छ । हामी सोचौं, हाम्रो एक मतले पनि प्रतिगमनलाई सहयोग गर्न सक्छ । अहिले नेकपा (एमाले) ले पनि अर्को गठबन्धन निर्माण गरेको छ । यस गठबन्धनमा नेकपा (एमाले) राष्ट्रिय समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी लिङ्देन/थापा तथा हृदयेस त्रिपाठीका पार्टीहरू छन् । यिनीहरू पनि पाँच दलीय गठबन्धनलाइ पछाडि पार्न बडो जोडतोडले लागेका छन् । त्यसैले पाँच दलीय गठबन्धनको सामुने एउटा ठूलै चुनौती रहेको देखिन्छ । ओलीहरू जालझेलमा निपुण छन् । यस्ता झालझेललाई चिर्दै अगाडि बढ्नु भनेको एउटा ठूलै प्रतिगमनलाई तह लगाउनु हो होइन भने भोलि देशमा जे पनि हुन सक्छ । २०१७ साल यस्तै प्रजातान्त्रिक व्यवस्थालाई धरापमा पारेर २०४६ सालसम्म शासन गरेको ऐतिहासिक प्रमाण छ ।

पार्टीहरूले गठबन्धन त बनाए तर प्रत्येक पार्टीबाट बागी उम्मेदवारहरू निर्वाचनमा उठेको देख्दा भोलि आफ्नै उम्मेदवार आफ्नै बागी उम्मेदवारबाट परास्तत हुने त होइन ! यस्ता कैयौं प्रमाण स्थानीय निर्वाचनमा देखिसकेका छौं । त्यसैले यस्ता बागी उम्मेदवारहरूलाई कसरी निस्तेज पार्न सकिन्छ त्यतातिर राम्ररी ध्यान जानु पर्ने हुन्छ । यदि उनीहरू पार्टीका शीर्षनेताहरूबाट कन्भिन्स हुँदैनन् भने पार्टीहरूले अन्तिम कारबाहीद्वारा पनि हटाउन आनाकानी गर्नु हुँदैन ।

आज यदि कडाइ गर्न सकिएन भने भोलि यही कुराले यिनीहरूलाई कहाँ लाग्छ ठेगान छैन । हुनत अहिलेसम्म बागीहरूको त्यति राम्रो अवस्था देखिँदैन तर यिनीहरू आफू हार्नु भन्दा आफ्नै पार्टीको हारबाट खुशी हुने मनोविज्ञानलाई हेर्न सकिन्छ । राजनीतिमा कसैको पनि स्थायी दुश्यन हुँदैन । खास निर्वाचनको बेला यस्ता बागी उम्मेदवारहरू पार्टीलाई धोखा दिन खोज्दा यिनीहरूलाई पार्टी परिवर्तन गर्न पनि बेर लाग्दैन । कुनै पनि पार्टीमा दुई किसिमका कार्यकर्ताहरू हुन्छन् : पहिलो पक्तिका कार्यकर्ताहरू पार्टीको अनुशासनलाई शतप्रतिशत पालन गरेका हुन्छन् भने दोस्रो दर्जाका कायुकर्ता अवसरको खोजमा हुन्छन् । अवसर भेटेन भने भ्यागुतो जस्तै कुद्न बेर लाग्दैन ।

नेपालको पहिलो निर्वाचन २०७४ भन्दा यस निर्वाचनमा बढी बखेरा देखिन्छन् । पार्टीहरू पनि यस पाँच वर्षमा आ-आफ्ना खरो सिद्धान्तलाई तोडेर जथाभावी कार्यकर्ता प्रवेश गराएका मात्र छैनन् यस्ता कार्यकर्ताहरूलाई टिकट दिन पनि पछि परेनन् । जो लोभले पार्टीमा आउँछ उसले पार्टीलाई कहिले पनि माया गर्दैन । जबसम्म उसको अवसर प्राप्त भइरहन्छ तबसम्म मात्र पार्टीमा बस्छ । जुन दिनदेखि अवसर बन्द हुन्छ त्यही दिनदेखि पार्टीलाई लात मारेर अन्य पार्टीतिर लाग्छ । प्रत्येक पार्टीका नेतृत्व गर्ने नेताहरूले यस्ता मान्छेलाई चिन्न असफल देखिन्छ । अहिले नेकपा एमालेमा यस्तै अवसरवादीहरू प्रवेश गराएर तपेतपाएका नेताहरूलाई अवसरबाट वंचित गरेका छन् । यसका अहिलेको प्रत्यक्ष उदाहरण भूसाल, रावल लगायत अन्य नेताहरूसँग भएका व्यवहारलाई लिन सकिन्छ । प्रजातन्त्रमा एकाधिकार प्रणालीको ठाउँ हुदैन । एमालेमा प्रत्यक्ष रूपमा केपी ओलीले एक व्यक्तिको निर्णयले सबैलाई तह लगाएका छन् । यसका परिणाम के आउँला भोलिका आम निर्वाचनले देखाउँला ।

एमाले जो बोल्छ ठीक त्यसको विपरीत गरेका छन् । यस पार्टीका नेताहरू धेरै ठाउँमा के बोलेका थिए कि कमजोर पार्टीहरूले पो गठबन्धन गर्छन् । पाँच दलीय गठबन्धन हामीसँग डराएर बनेको छ । तर आफू गठबन्धन गर्दा कसबाट डराएर गरेको छ । अहिले एमाले पनि साना ठूला पाँच पार्टीसँग गठबन्धन गरेर निर्वाचनमा भिड्न गइरहेको छ । कहिले काँही यसमा नेताहरू १०० भन्दा बढी प्रतिनिधि सभा सदस्यहरूमा हामी तित्दै छौ । यदि तपाइहरू १०० भन्दा माथि एक्लै पार्टीले जित्दै छ भने अन्यसँग गठबन्धन किन ? यी तमाम प्रश्नको जबाबमा एमालेले झूठको खेती गरिरहेको छ । अब नेपालमा साक्षरता प्रतिशत तथा चेतना बढेको छ । यति सर्फद झूठमा एकाएक विश्वास गर्दैन होला । नागरिकता विधेयकमा त राष्ट्रपतिलाई प्रमाणित गर्नबाट नराम्ररी प्रभावित गरेर रोक्न सफल भए । के यहि हो जनतासँग गरेको बाचालाई पूरा गर्ने व्यवहार ?

प्रत्येक पार्टीले बागी उम्मेदवारलाई रोक्न सकियो भने बिशुद्ध पार्टी-पार्टी बीचको प्रतिस्पर्धा हेर्न सकिन्छ । कहिले काँहि यस्ता बागी उम्मेदवार कसैको हीतमा होइन आफ्नो हितमा बढी रूची राखेर काम गरेका हुन्छन् । जब पार्टी टिकट दिएन भने बागीको रूप लिन्छ । अनुशासन भनेको यस्ता बागीको लागि केही पनि होइन । अवसर प्राप्त गर्न यस्ता अवसरवादीहरू नेताको सामुने जे जस्तो तलोस्तरका कामहरू पनि गर्न पछि पर्दैनन् । तर अवसरबाट वंचित हुँदै विलुप्त हुन जानछन् ।

त्यसैले पार्टीहरू यस्ता बागीलाई समयमै समेट्न सकेनन् भने भोलि यस्ता केही उम्मेदवारहरू जितेर संसदसम्म गए पनि आफ्नै अवसरमा लिप्त हुन जानेछन् । कहिले काँही सरकार बनाउन एकादूका सदस्यहरूका अभावमा यस्ता सदस्यहरूको मूल्य निकै उच्च हुनजान्छ । अर्कोतिर पार्टीहरूले निर्वाचन लेनदेनको कामलाई कति नियन्त्रण गर्न सक्छन् त्यसमा पनि जितहार निर्भर हुन्छ । भर्खर भएको स्थानीय निर्वाचनमा यस्ता काम भएको छैन भने कसैले भन्न सकेको छैन । बिशुद्ध निर्वाचनका लागि लेनदेन एउटा ठूलो फोहरी काम हो ।

अन्तमा पुनः निर्वाचनमा होमिएका पार्टीहरूलाई के भन्न चाहन्छु भने बागीलाई छूट दिनु हुँदैन । यसबाट पार्टीहरूको अनुशासनमा एउटा ठूलो धक्का लाग्न सक्छ । लोकतन्त्रलाई बलियो बनाउन पार्टीहरूका काँधमा एउटा ठूलो जिम्मेवारी छ । यस्ता जिम्मेवारीलाई छोड्दै जाँदा भोलि लोकतान्त्रिक पद्धतिलाई समेत प्रभावित गर्न सक्छ । लोकतन्त्र जस्तो शासन प्रणाली अन्य हुनै सक्दैन किनभने यसमा सबैले भाग लिन पाउँछन् । यस्ता प्रणालीमा मान्छेलाई जति अनुशासित हुनु पर्दथ्यो त्यति भएको देखिएन । स्वतन्त्रता र अनुशासनहीनताको भित्रता हुनै सक्दैन । यस्ता उदण्डतालाई नियन्त्रण गर्नै पर्छ । निर्वाचनमा यस्ता उदण्डलाई कहिले पनि ठाउँ दिनु हुदैन । यसका लागि निर्वाचन आयोगले पनि पूरै निगरानी राख्नै पर्ने हुन्छ । निष्कर्षमा के अपील गर्न चाहन्छु भने यहि मंसिर ४ गतेमा हुने आम निर्वाचनमा दृश्य तथा अदृश्य रूपमा सहयोग गरी सफल पारेर हाम्रो लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउने काममा सहयोग गरौं ।

*लेखक : त्रिविका अवकाशप्राप्त सह-प्राध्यापक तथा अन्वेषक हुनुहुन्छ ।*

# स्वास्थ्य क्षेत्रमा काम गर्ने भन्दा तथ्यांक खेलाउनेहरुको भिड

गजेन्द्र बहादुर विष्ट

नेपालको स्वास्थ्य क्षेत्रको विकास हेर्ने हो भने धेरै भएको छैन तर तुलनात्मक रुपमा स्वास्थ्य क्षेत्रमा आमुल परिवर्तन भएको देखिन्छ। हाम्रा नीति निर्माताहरुले नेपालको स्वास्थ्य प्रणलिलाई विश्वका अन्य मुलुकहरुको स्वास्थ्य सेवा प्रणली नीति ,रणनिती र पूर्व अभ्यासहरु जस्ताको त्यस्तै लागु गर्ने गरेको देखिन्छ । धेरै कुरा मानव स्वास्थ्यमा हानि नोक्सानी गर्ने जिवाणु र रोग एउटै भएता पनि कतिपय कुराहरु देश, भौगोलिक अवस्था, जनघन्त्व,जलवायु अनुकुलन, खाद्य उत्पादन, खाद्य बस्तुको उपभोग, मौसम हावापानि र पेशाका कारण रोगको प्रकृति फरक हुन्छ। एउटै प्रकृतिका रोगहरुको पनि रोग निदान गर्ने तरिका र उपचार गर्ने प्रणाली फरक हुन जान्छ भन्ने कुराको ख्यालै नगरी विश्वका ति मुलुकहरुले अप्नाएको स्वास्थ्य प्रणाली, रोग निदान प्रकृया,उपचार पद्यति, नीति र रणनीती लादेको देखिन्छ। विदेशीहरुले आफू अनुकुल बनाएको स्वास्थ्य प्रणलीलाई हाम्रो देशको ग्रामिण भेगमा कार्यान्वयन गर्दा असफल भइरहेको छ। नीति योजना निर्माण तहमा कहिले पनि स्वास्थ्य नीति र रणनैतिक योजना बनाउँदा समुदायमा कार्यरत स्वास्थयकर्मीहरुको र कार्यान्वन गर्ने निकायको सल्लाह र सुझाव मागेको देखिँदैन ।

बरु अन्य मुलुकमा स्वास्थ्य सूचना प्रणालीका वेबसाइटहरुको प्रयोग गरिएको देखिन्छ। हाम्रा विज्ञहरु धेरैजसो विदेश पढेर आउँछन जुन देशमा पढेको हो त्यो देशको स्वास्थ्य प्रणाली, स्वास्थ्य समस्या, प्रयोगात्कमक अभ्यासहरु र स्वास्थ्य संरचना नीतिहरु र त्यो देशको स्वास्थ्यको रोडम्याप कण्ठ गरेर उपाधि हातमा थमाई नेपाल फर्कन्छन र नेपाल फर्केपछि नेपालको स्वास्थ्य समस्याको बस्तुगत अध्ययन नै नगरि लामो समयसम्म समुदायमा काम गरिरहेका स्वास्थ्यकर्मीहरुलाई बेवास्तागरी अन्य देशको जस्ताको त्यस्तै विषयबस्तु, लक्ष्य, नीति, रणनीति र रोड म्याप रटान गर्न लाउछन जसको कारण हाम्रो समुदाय सित मेल नखाने रणनीति अबलम्बन गरी समुदायमा काम गर्न खोज्दा औजार, उपकारण, दक्ष जनशक्ति भौतिक संरचना भौगोलिक



अवस्थाको कारणले कार्यन्वयन पक्ष फितलो भई जनताले पाउनुपर्ने गुण्स्तरीय स्वास्थ्य सेवाहरु प्रदान गर्न सकिरहेका छैनौं। संघीय व्यवस्थाले स्वास्थ्य क्षेत्र तहस नहस भएको होइन हाम्रो बुझाइ गलत हो । हिजोका दिनमा हालीमुहाली गरेर राज गरेकाहरुलाई अपठयारो परेर व्यवस्था खारेज गर्न रातदिन लागिरेका छन् ।

देश संघीयतामा गएपछिका केही स्वास्थ्य सुचाङ्कहरु बढदो क्रममा पनि छन् तर हामी स्वास्थ्य चौकीमा काम गर्ने स्वास्थ्यकर्मी सहरी स्वास्थ्य केन्द्रमा जना चाहेको छैनन्। जिल्लामा काम गर्ने स्वास्थ्यकर्मी स्थानीय तहमा जना मान्दैन, प्रदेशमा काम गर्ने स्वास्थ्यकर्मी जिल्लामा काम गर्न जान मान्दैन। विभाग र मन्त्रालयमा कामग र्ने स्वास्थ्यकर्मी प्रदेशमा जान मानिरहेका छैनन्। दक्ष स्वास्थ्यकर्मी समुदायमा सेवा दिन आवश्यक छन बिडम्बना ति दक्षहरु तथ्याङ्क खेलाउने काममा मात्र सिमित छन्। अनि समुदायमा स्वास्थ्य सेवाबाट बञ्चीत गराउने काम संघीयताले गर्‍यो कि तपाई हामीले गरिरहेका छौं। एक चौटी गहन अध्ययन गनुपर्छ। एक दुई जनाको स्वार्थको कारणले संघीयतामा स्वास्थ्य धरापमा परेको भन्ने हल्ला पिटिएकोछ।

कागले कान लग्यो भन्दैमा कागको पछाडी हामि लाग्ने हैन कान छाम्न तिर गयौं भने बल्ल हामि भोलीका दिनामा दुख पाउदैनौं। हाम्रा हिजोका स्वास्थ्यका विज्ञ नीति निर्माताहरुको स्वास्थ्य प्रणली र संरचनाको कारणले हामिले अहिलेसम्म दुख भोगीरहेका छौं। विदेशमा राज्यको राज्यको ढुकुटि सकेर विज्ञता हासिलको उपाधि त पायौं तर देशको स्वास्थ्य नीति लिएर नेपालमा आयौं कहिले पनि स्वास्थ्य संरचना हाम्रो देशको अनुरुप बनाउन सकेनौ। अझ फेरि पुरानै शैलीमा अहिलेका विज्ञ नीति निर्माताहरुले जाने हो भने हामिले प्राप्त गर्न खोजेको र आशा गरेको स्वास्थ्यको सकारात्मक सुचाङ्कमामा प्रगति होला भन्न सकिन्न। स्वास्थ्यकर्मीहरु बिचको तालमेल भएन भन्ने कैयौं टिकाटिप्पणी पटक पटक आइरहेको देखिन्छ। स्वास्थ्य प्रणली निर्माणमा सहभागी भएका ब्यक्तिहरुको दोहोरो चरित्रको कारणले गर्दा यस्तो भएको छ। देश संघीयतामा गई सकेपछि स्वास्थ्य कार्यालयले गर्ने काम सबै पालिकाले गर्नुपर्नेछ भन्ने थाहा हुँदाहुँदै जिल्ला स्वास्थ्य कार्यालयमा काम गर्ने सुपरभाइजरहरु कोही पनि पालिकामा खटाइएन। पालिकामा खटाउँदा सम्बन्धित स्थानीय तहको स्वास्थ्य चौकमिा काम गरिरहेकलााई खटाइयो र कसैले सहयोग गरेन। अहिले पनि तीन तहको सरकारमा ३ वटा स को खुबै रटान गरिन्छ। ब्यबहारमा तपाईं हामीले भोगीरहेको तितो यर्थाथ अर्कै छ।

प्रायजसो पालिकामा जनस्वास्थ्य अधिकृतको दरबन्दी छ। समायोजनमा जन स्वास्थ्य अधिकृतहरुले स्थानीय तह रोज्ने कुरै भएन अहिले संघ र प्रदेशमा फाजिलमा समेत बसेका छन्। पालिका जन स्वास्थ्य अधिकृतबिहिन छन्। माग गर्दा समायोजनमा नरोजेकालाई पठाउने कुरै भएन। स्थानीय तहमा सुरुदेखि नीति निमार्णमा संलग्न स्वास्थ्यकर्मी खटाउने प्रयास नै गरिएन। खटाएकाहरु पनि जान मानेनन् र खटिएका पनि आफ्नो सिटमा सुरक्षित गरी पुर्नबहाली भए। किनकी केन्द्रमा बसेर तथाङ्क खेलाएर बस्न जस्तो सजिलो छैन भन्ने थाहा छ। समुदायमा स्वास्थ्य सेवा प्रदान गर्न दक्ष सेवा प्रदायक ब्ढी आवश्यक्ता पर्छ भनेर थाहा हुँदाहुँदै राजनैतिक शक्तिको आडमा तथ्याङ्क खेलाएर पुरस्कृत हुनेको संख्या धैरै छ। जसको कारणले वास्तविक सेवा प्रदायक दिक्क छन्। काम गरेर भन्दा तथ्याङ्क खेलाएर पुरस्कृत हुँदोरहेछन् भन्ने भ्रम सृजना हुँदैछ। एक जनाले गरेको कामको औषतमा साझेदार संस्थाहरु लगायत १० जनाले तथ्याङ्क खेलाएर आफ्नो रोटी सेक्ने काम गरिरहेका छन्।

संघीयतामा स्वाथ्य क्षेत्र तहस नहस भयो भन्नेहरु एकै मात्र स्वार्थ हो आफ्नो पुराने सिट र कुर्सीमा फर्केर राज गर्न चाहान्छन्। जनतालाई सेवा दिने पक्षमा छैनन्। ग्रामीण क्षेत्रमा हामी पुरानै अनुहार काम गरिरहेका छौं। एकाध बाहेक संघीयतामा स्वास्थ्य तहस नहस भयो भनेर हामी ग्रामीण क्षेत्रका स्वास्थयकर्मीहरुले कहिलै भनेको छैनौं। किनकी केही आमुख व्यक्तिको झिनो स्वार्थका कारणले व्यवस्थामाथि दोष लागउन कसैले नि चुक्नु हुँदैन। स्वास्थ्य सेवामा स्वास्थ्य सेवा प्रदायक भन्दा तथ्यांक खेलाएर बस्नेहरुको भिड छ। तर पनि तथ्याक सुधार भईरहेको छैन। स्वास्थ्य सेवाका विज्ञहरु स्वास्थ्य सेवा दिन छोडेर प्रशासनिक चिठीपत्र लेख्ने र सामान खरिद गर्नमा ब्यस्त छन। उता जनताले विज्ञको अनुहार समेत देखेको छैन। तपाईं हामी संघीयतालाई दोष थोपरिरहेका छौं ।

# एकीकृत समाजवादीले उपत्यकालाई ऐतिहासिक सम्पदा सहर बनाउने

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी)ले काठमाण्डु उपत्यकालाई ऐतिहासिक सम्पदा सहरका रूपमा विकास गर्न पहल गर्ने भएको छ।

उपत्यकाका तीन जिल्लालाई एकीकृत राजधानी सहरका रूपमा विकास गरी ऐतिहासिक तथा पुरातात्विक संरचना र बस्तीलाई संरक्षित गर्न आवश्यक ऐन निर्माणका लागि पार्टीले पहल गर्ने भएको हो। पार्टीले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि तयार पारेको घोषणापत्रमा उपत्यकालाई सुन्दर, स्वस्थ, स्वच्छ तथा पर्यावरणमैत्री बनाउन उचित मुआब्जा दिई अव्यवस्थित संरचना अधिग्रहण गर्ने, नीति अवलम्बन गरेको छ।

राजधानीलाई फोहर, हिलो, धुलो र प्रदूषणमुक्त बनाउने, राजधानीका नदी, खोला-नाला र तालमा ढल र फोहर पानी मिसाउन प्रतिबन्ध गरी वाग्मती, विष्णुमती, मनोहरा, हनुमन्तेलगायत नदी र खोलालाई सफा एवं स्वच्छ राख्ने तथा विद्युतीय वाहन प्रयोगमा जोड दिइएको छ।



पार्टीका प्रचार विभाग सदस्य भूपराज खडकाका अनुसार जलवायु परिवर्तनबाट उत्पन्न समस्या समाधानका लागि अनुकूलन एवं न्यूनीकरण कार्यक्रम सञ्चालन तथा मापदण्डविपरीतका प्लाष्टिक झोला र वातावरणमा प्रतिकूल असर पार्ने सामग्रीको प्रयोगलाई निषेध गरिने छ। स्वच्छ, सुन्दर र आधुनिक राजधानीको अवधारणाअन्तर्गत २०८५ पश्चात् राजधानीमा सञ्चालन हुने सबै सवारीसाधन विद्युतीय हुने गरी व्यवस्था मिलाउन पार्टीले भूमिका निर्वाह गर्ने छ।

'हरित सहर, राम्रो सहर' अवधारणाअनुसार सडकका दायाँ-बायाँ फलफूलका बिरुवा लगाई सडकको सौन्दर्य बढाउने र तिनको संरक्षण गरी राजधानीलाई हरियाली सहरका रूपमा विकास गर्ने व्यवस्था मिलाउन पहल गर्ने र 'मेरो सहर, म बनाउँछु' भन्ने उद्घोषका साथ सफा, सुरक्षित र सभ्य सहर बनाउन पार्टीले पहल गर्ने छ।

काठमाण्डु उपत्यकामा भित्री, बाहिरी र बृहत् चक्रपथ निर्माण, विस्तार तथा विकास गर्न पहल गर्ने, उपत्यकाको भूमिगत जलस्तर प्रत्येक वर्ष घटिरहेकाले यहाँको जमिन भासिँदै गइरहेको अवस्थामा समस्याको समाधान गर्न प्रत्येक घरले पानी पुनःभरणका लागि आवश्यक संरचना अनिवार्यरूपमा बनाउनुपर्ने कानुनी व्यवस्था गरी लागू गर्ने र सम्भव भएसम्मका सबै घर आकाशे पानी सङ्कलन तथा प्रयोग परियोजना लागू गर्ने भनिएको छ।

पृथ्वीको गर्भमा जलभण्डार बढाउँदै लैजान, भूस्खलन कम गर्न तथा बाढी नियन्त्रणका लागि वर्षाको पानी सङ्कलन गरी पोखरी एवं ताल-तलैया निर्माण गर्ने, पानी पुनःभरण कार्य गर्ने एवं सिमसार क्षेत्रहरूको संरक्षण तथा संवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिने छ। यसबाट वन्यजन्तु र चराचुरुङ्गीलाई पिउने पानी उपलब्ध हुने छ, वनजङ्गलमा हरियाली बढ्ने र यस्ता पोखरीको पानीलाई वनजङ्गलमा लाग्ने डढेलो नियन्त्रणमा पनि प्रयोग गर्न सकिने छ।

समुदायमा आधारित वन व्यवस्थापनलाई प्रोत्साहन दिँदै दिगो वन व्यवस्थापनमा आधारित प्रणालीमार्फत वनको उत्पादकत्वमा वृद्धि गरी काठ र काठजन्य वन पैदावरमा देशलाई आत्मनिर्भर बनाउने, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने, प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका लागि समुदायसँग सहकार्यका लागि पार्टीले भूमिका निर्वाह गर्नेछ।

भूमाफियाद्वारा कब्जा गरिएका जमिन फिर्ता लिने र अन्य उपलब्ध सार्वजनिक जमिनको उपयोग गर्दै प्रत्येक पालिकामा सबैका लागि पहुँचयुक्त ठूला आकारका उद्यान र वडा-वडामा साना उद्यानको निर्माण गर्न पहल गर्ने, सबै वडा (सम्भव भएसम्म टोल-टोल)मा बाल उद्यान, बालगृह, ज्येष्ठ नागरिक सेवा केन्द्र आदिको समुचित व्यवस्था गरिने छ।रासस

# संविधानको रक्षा गर्ने माओवादीको जिम्मेवारी : अध्यक्ष दाहाल

काठमाण्डु।नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानको रक्षा गर्ने माओवादीको बढ्ता जिम्मेवारी रहेको बताउनुभएको छ। गोरखा-काठमाडौं सम्पर्क समन्वय समितिले बुधबार आयोजना गरेको निर्वाचन विशेष राजनीतिक वैचारिक प्रशिक्षण कार्यक्रममा उहाँले संविधान निर्माण गर्न माओवादीको ठूलो योगदान रहेकाले यसको रक्षा पनि माओवादीले नै गर्नुपर्ने बताउनुभयो।



मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि संरचनागत सुधार गर्न आवश्यक रहेको जनाउँदै उहाँले संविधानको रक्षासँगै परिमार्जन गर्ने जिम्मेवारी माओवादीको काँधमा आएको बताउनुभयो। "यी दुवै काम गर्न निकै संवेदनशील भएर लाग्नुपर्नेछ", अध्यक्ष दाहालले भन्नुभयो, "मुलुकलाई समृद्ध बनाउनका लागि प्रतिबद्धता पत्रमा संविधान संशोधन र संरचनागत सुधारको आवश्यकता महसुस गरिएको छ, आर्थिक समृद्धि र आर्थिक क्रान्ति गर्न क्रमभङ्ग गर्नुपर्ने अवस्था छ।"

मुलुकको आर्थिक समृद्धिका लागि क्रान्तिको आवश्यकता रहेको जनाउँदै उहाँले अब शान्तिपूर्ण आर्थिक क्रान्ति सम्पन्न गरिने दाबी गर्नुभयो। "हामीले महाधिवशेनबाट नै नेपाली समाजवादको बाटो तय गरेका छौँ", उहाँले भन्नुभयो, "नयाँ आर्थिक क्रान्तिमार्फत मुलुकलाई समृद्ध बनाउन सक्ने माओवादी मात्रै हो।" निर्वाचन जित्ने र नजित्ने भन्दा पनि नयाँ पहलकदमीमार्फत देशलाई समाजवादमा लैजाने ढङ्गबाट अगाडि बढिएको उहाँको भनाइ थियो।

मुलुकको एकीकरण र जनक्रान्तिको थालनी गोरखाबाटै भएको उल्लेख गर्दै उहाँले अब आर्थिक समृद्धिको सुरुआत पनि गोरखाबाटै हुने दाबी गर्नुभयो। "म गोरखाबाट निर्वाचन लड्ने भनेको कुरा राष्ट्रिय एकता र आर्थिक क्रान्तिको सन्देश हो", अध्यक्ष दाहालले भन्नुभयो, "यो पार्टी पुनःनिर्माणको अभियान पनि हो।"

आर्थिक विकास र पूर्वाधारका दृष्टिले गोरखा जिल्ला उपयुक्त रहेको आफूले पाएको जनाउँदै उहाँले बूढीगण्डकी परियोजना तथा उत्तरदक्षिण सडक सञ्जालको विकास गरेर गोरखाको उन्नतिमा गुणात्मक फड्को मार्न सक्ने बताउनुभयो। "गोरखाली जनताको प्रमुख माग सडक निर्माण र स्तरोन्नति रहेको मैले पाएँ, गोरखकाली रबर उद्योग सञ्चालन गरेर ठूलो सङ्ख्यामा रोजगारी उपलब्ध गराउने सम्भावना छ", उहाँले भन्नुभयो, "उपल्लो क्षेत्रमा जडीबुटी तथा ठूला फाँट एवम् टारमा कृषि क्रान्तिको ठूलो सम्भावना छ।" आगामी निर्वाचनमा दुई विचार, प्रवृत्ति, संस्कृति र गठबन्धन आमनेसामने भएको उल्लेख गर्दै उहाँले प्रतिगमनकारी गठबन्धनलाई निर्वाचनमार्फत पराजित गर्नुपर्ने बताउनुभयो।

"संविधान र लोकतन्त्रको रक्षाका लागि पाँच दलीय गठबन्धन बनेको छ", अध्यक्ष दाहालले भन्नुभयो, "अर्को राजावादीसहित प्रतिगमन गर्न चाहनेको गठबन्धन बनेको छ। यी दुई गठबन्धन आमनेसामने छन्। मङ्सिर ४ गते जनताले फैसला गर्नेछन्।" मुलुकको आर्थिक सामाजिक रुपान्तरण गर्न माओवादीले आफ्नो प्रतिबद्धता पत्रमार्फत संरचनागत सुधारको विषय उठाएको जनाउँदै उहाँले शासकीयस्वरुप र निर्वाचन प्रणाली परिवर्तन तथा २०४७ पछि लाभको पदमा रहेका व्यक्तिको सम्पत्ति छानबिन गर्ने विषय माओवादीले मात्रै उठाएको बताउनुभयो।रासस

# भोलिको सहर' लाई जोखिममुक्त बनाउन सरोकार भएकाको ध्यान जानुपर्ने

काठमाण्डु। भोलि बन्ने सहर जोखिम न्यून क्षेत्रका रुपमा स्थापित गर्न सरोकार भएका निकायको ध्यान जानुपर्नेमा जोड दिइएको छ। त्रिभुवन विश्वविद्यालय इञ्जिनीयरिङ अध्ययन संस्थान, त्रिवि केन्द्रीय भूगोल विभाग, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट), 'साउथएसिया इन्ष्टिच्युट अफ एड्भान्स्ड स्टडिज' (एसआईएएस), 'प्राक्टिकल एक्सन साउथ एशिया अफिस' लगायत संस्थाले यस विषयमा अध्ययन गरिरहेको जनाइएको छ। यस विषयमा नेपालमा जस्तै विश्वका अन्य १० सहरमा अध्ययन भइरहेको इञ्जिनियरिङ अध्ययन संस्थानकी प्राध्यापक सङ्गीता सिंहले जानकारी दिनुभयो। नेपालमा ललितपुर महानगरपालिका वडा नं २१ स्थित ऐतिहासिक एवं सांस्कृतिक सहर खोकनाको अध्ययन सम्पन्न गरिएको छ। अनुसन्धानरत समूहले खोकनाको भू-उपयोग नक्सासमेत तयार पारेको 'भोलिको सहर' विषयमा जारी कार्यशाला गोष्ठीमा उहाँले जानकारी दिनुभयो।

खोकनामा सन् २०१९ देखि अनुसन्धान गरिएको थियो। अध्ययनले खोकनालाई कृषियोग्य भूमिको संरक्षण गर्दै हरियालीयुक्त सांस्कृतिक सहरका रुपमा विकास गर्न सकिने निष्कर्ष निकालेको प्रा सिंहले बताउनुभयो। नयाँ बन्न लागेका सहरलाई भूकम्प, बाढी, पहिरोजस्ता विपद्बाट जोखिममुक्त बनाउने सम्बन्धमा अध्ययन गर्दा सम्भव रहेको निष्कर्ष निस्केको छ। विसं २०७८ को जनगणनाको प्रारम्भिक परिणामअनुसार सहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या ६६.८ प्रतिशत पुगेको छ। सहरी जनसङ्ख्या बढे पनि सरकारले घोषणा गरेका नगरपालिका सहर जस्तो नभएको अध्ययन समूहको निष्कर्ष छ। नगरपालिका घोषणा गर्दा धेरै वटा गाउँलाई जोडेर जनसङ्ख्या पुऱ्याउने तर जनघनत्वका बारेमा ध्यान नदिने गरेको अध्ययन समूहको भनाइ छ।

सहरी क्षेत्रमा भूकम्प, बाढी, पहिरोजस्ता सम्भावित जोखिमको पनि अध्ययन गरेर योजना निर्माण गरिनुपर्नेमा सरोकार भएका निकायको ध्यानाकर्षण गराइएको छ। एसआइएसका अध्यक्ष डा नेत्रप्रसाद तिमल्सिना दिगो विकास लक्ष्यको दिगो सहरीकरणलाई समेटेर अनुसन्धान गरी जोखिममुक्त नगर बनाउन सहयोग गरिएको बताउनुहुन्छ। यो अध्ययन प्रतिवेदनलाई सरकारी संस्थाले कार्यान्वयन गर्नुपर्नेछ। यसका लागि सहरी विकास मन्त्रालयका सहसचिव पद्मकुमार मैनालीको संयोजकत्वमा समिति गठन गरिएको जानकारी पनि कार्यक्रममा गराइएको छ।

अध्ययन समूहले लुम्बिनी प्रदेशसभाले नयाँ राजधानी सहरका रुपमा निर्णय गरेको राप्ती उपत्यकाका बारेमा पनि अनुसन्धानको तयारी गरेको छ। एक वर्षभित्रमा दाङ र अर्घाखाँची जिल्लाका तीन स्थानीय तहका १४ वडा क्षेत्रको जोखिम अवस्थाका बारेमा अनुसन्धान गर्ने तयारी भइरहेको छ।एनसेट नेपालका उपकार्यकारी निर्देशक डा रमेश गुरागाईं सहरका अब बन्ने आयोजनामा जोखिम न्यून गराउन अनुसन्धान भइरहेको बताउनुहुन्छ। संयुक्त अधिराज्य अनुसन्धान संस्था (युकेआरआई) को सहयोग एवं समन्वयमा नेपाल, टर्की, केन्या र इक्वेडरमा हाल अनुसन्धान भइरहेको छ। खोकना, स्तानबुल, नैरोबी र क्वेटो सहरमा यस्तो अनुसन्धान गरिएको जनाइएको छ।रासस

# संविधानको रक्षा गर्न गठबन्धन : डा कोइराला

विराटनगर। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं मोरङ निर्वाचन क्षेत्र नं ६ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार डा शेखर कोइरालाले संविधानको रक्षा गर्न निर्वाचनमा गठबन्धनले जित्नुपर्ने बताउनुभएको छ।



विराटनगर महानगरपालिकाको जनपथ चोकमा बुधबार आयोजित कोणसभामा उहाँले लोकतन्त्र सुदृढीकरण गर्न, भ्रष्टाचार नियन्त्रण गर्न तथा मुलुकमा सुशासन कायम गर्न निर्वाचनमा गठबन्धनले सफलता हासिल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

शिक्षाबिना समाज र राष्ट्र सभ्य हुन नसक्ने भएकाले कांग्रेसले शिक्षालाई उच्च प्राथमिकता राखेको उल्लेख गर्दै डा कोइरालाले कांग्रेसको नेतृत्वमा सरकार बनेमा मुलुकमा विकास हुने र बेथिति हट्ने विचार राख्नुभयो। 'कोखदेखि शोकसम्म' कांग्रेसले योजना बनाई कार्यान्वय गर्ने उल्लेख गर्दै उहाँले गरिबलाई शोकमा रु १० हजारसम्म किरीया खर्च दिने उद्घोष गर्नुभयो। कांग्रेसले सुत्केरी भत्तादेखि ज्येष्ठ नागरिकको उपचारलाई प्राथमिकता दिने बताउनुभयो।

राष्ट्रियसभाका सदस्य एवं नेकपा (माओवादी केन्द्र)का नेता गोपी अछामीले मुलुकमा विकास र समृद्धिको यात्रा पूरा गर्न गठबन्धनका उम्मेदवार जित्नुपर्ने बताउनुभयो। क्षेत्र नं ६ (ख) का उम्मेदवार केदार कार्कीले विराटनगरलाई संरचनासहितको राजधानी बनाउने भएकाले गठबन्धनले जित्नुपर्ने बताउनुभयो। उहाँले विराटनगरको चक्रपथ व्यवस्थित गर्न कुनै कसर बाँकी नराख्ने उल्लेख गर्दै मतदाता र मतदाता शिक्षालाई व्यवस्थित गर्न कार्यकतालाई निर्देशन दिनुभयो।रासस

# निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न हुन्छ : गृहमन्त्री खाण

रुपन्देही। गृहमन्त्री बालकृष्ण खाणले सबैको साझा प्रयत्नमा आगामी निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, "कर्मचारी, सुरक्षा निकायसँगको समन्वयमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भयरहित वातावरणमा सम्पन्न हुन्छ।"

बुटवलमा बुधबार आयोजित लुम्बिनी प्रदेशस्तरीय सुरक्षा बैठकलाई सम्बोधन गर्दै गृहमन्त्री खाणले स्थानीय तहको निर्वाचन सम्पन्न गर्न सबैको सहयोग रहेकाले आगामी निर्वाचन पनि सबैका सहयोगमा शान्तिपूर्ण हुने बताउनुभयो।


उहाँले नागरिकको जीवन रक्षा गर्नु सरकारको पहिलो दायित्व भएको जनाउँदै नागरिकको सुरक्षा र सम्पत्तिको रक्षाका लागि सरकार सधैँ प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

नागरिकको जीवन र सम्पत्तिको रक्षा गर्ने कार्यमा सुरक्षा निकायले २४ सै घण्टा खटेर महत्वपूर्ण भूमिका निर्वाह गरेको जनाउँदै उहाँले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागलाई धन्यवाद दिनुभयो।

"सीमित स्रोतसाधानका बाबजुद विषम परिस्थितिमा पनि सुरक्षा निकायले खेलेको भूमिका प्रशंसनीय छ", उहाँले भन्नुभयो। सुरक्षा बैठकमा प्रदेशको सुरक्षा अवस्था र आगामी निर्वाचनबारे छलफल हुने जनाइएको छ। बैठकमा प्रदेशका १२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखको प्रस्तुति रहने रुपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जानकारी दिनुभयो।रासस

# एमालेका भट्टराई र माओवादी केन्द्रका मगरलाई स्पष्टीकरण

काठमाण्डु। निर्वाचन आयोगले ताप्लेजुङकोप्रतिनिधिसभासदस्यका नेकपा (एमाले) का उम्मेदवार योगेश भट्टराई र कञ्चनपुर क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका नेकपा (माओवादी केन्द्र) का उम्मेदवार



बिना मगरलाई २५ जनाभन्दा बढी साथमा लिई घरदैलो कार्यक्रम गरेको सम्बन्धमा स्पष्टीकरण सोधेको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (ख) मा "स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिकस्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने" र खण्ड (ण) मा "निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुने" व्यवस्था छ।

एमालेका सचिव भट्टराईले आफ्नो निर्वाचन क्षेत्र अन्तर्गतको सिरजङ्घा गाउँपालिका-३ सिकैचामा आचारसंहिताको उल्लङ्घन हुने गरी २५ जनाभन्दा बढीको भेला गरेको र उक्त विषय आफ्नो फेसबुक पेजबाटसमेत सार्वजनिक भएको भनी उजुरी परेकाले स्पष्टीकरण सोधिएको हो। माओवादी केन्द्रकी मगरले आफ्नो निर्वाचन क्षेत्र अन्तर्गतको बेलौरी नगरपालिकामा आचारसंहिता विपरीत हुनेगरी २५ जनाभन्दा बढी साथमा लिई घरदैलो कार्यक्रम गरेको र उक्त विषय आफ्नै फेसबुक पेजबाट समेत सार्वजनिक भएको भनी उजुरी परेको थियो।"निर्वाचन आचारसंहिताको प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार भएको छैन भन्ने आधार कारण के छ?" स्पष्टीकरणमा भनिएको छ।

"तपाईंले निर्वाचन आचारसंहिताका उल्लेखित व्यवस्थाको प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार गरी निर्वाचन आचारसंहिताको उल्लङ्घन गरेको अवस्थामा तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिम कारबाही किन हुनु नपर्ने हो ? यो पत्र कुनै माध्यमबाट तपाईंलाई प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यालयमा प्राप्त हुने गरी स्पष्टीकरण पेस गर्नुहुन निर्णयानुसार अनुरोध छ।"रासस

# पाँच वर्षभित्र ललितपुरवासीको गुणस्तरीय जीवन जीउने आधार तयार : मन्त्री भुसाल

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिको रक्षा र सबलीकरण गर्नुपर्ने दायित्व प्रभावकारी ढङ्गबाट अगाडि बढाउनुपर्ने बताउनुभएको छ। वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट ललितपुर निर्वाचन क्षेत्र नं ३ को उम्मेदवारका रुपमा बुधबार साझा प्रतिबद्धता पत्र सार्वजनिक गर्दै उहाँले राजनीतिक उपलब्धिको संरक्षणका लागि संयुक्त सङ्घर्ष जारी राख्दै समुन्नत आर्थिक-सामाजिक विकासको महाअभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो।




नयाँ संविधान कार्यान्वयनमा आइसकेपछि आर्थिक समृद्धिका महत्वपूर्ण आधार तयार भएको जनाउँदै उहाँले ऊर्जा उत्पादनमा नेपाल आत्मनिर्भरतातर्फ अगाडि बढेको र स्वच्छ ऊर्जाको निर्यात गर्ने अवस्थामा पुगेको बताउनुभयो। "भौतिक पूर्वाधार, शैक्षिक एवं स्वास्थ्य क्षेत्रमा सकारात्मक परिवर्तन भई जनताको जीवनस्तरमा केही सुधार आएको छ, यस्ता कार्यक्रमलाई अझ प्रभावकारी एवं गुणस्तरीय तुल्याई आर्थिक आधार सबल गर्नु हामी सबैको दायित्व हो', उहाँले भन्नुभयो, "समृद्ध मुलुक, सम्पन्न नेपालीको सपना साकार गर्ने हाम्रो लक्ष्य प्राप्तिका लागि एकताबद्ध हुन जरुरी छ।'

आसन्न निर्वाचनमार्फत जनअनुमोदित भएर राष्ट्रिय राजनीतिमा ललितपुरका जनताको प्रतिनिधित्व गर्ने दौडमा रहेको जनाउँदै उहाँले सदा झैं अझ प्रभावकारी र सशक्त तथा सेवामैत्री, प्रगतिउन्मुख र स्वाभिमानी जनप्रतिनिधिका रुपमा आफूले महत्वपूर्ण भूमिका खेल्ने विश्वास दिलाउनुभयो। ललितपुरको कला, संम्पदा, संस्कृति र परम्परालाई यहाँको हरेक घर परिवारको आर्थिक उपार्जनसँग जोड्नुपर्नेमा जोड दिँदै उहाँले आगामी पाँच वर्षभित्र ललितपुरवासीको गुणस्तरीय जीवन जीउने आधार तयार हुने दाबी गर्नुभयो।

गुणस्तरीय जीवन समाजवादको प्रस्थान बिन्दु हो। त्यसका लागि पर्यटनमा आधारित अर्थतन्त्र, समतामूलक समाज र स्वच्छ पर्यावरणलाई तत्काल विशेष प्राथमिकता दिएर सो अनुरुपका नीति तथा कार्यक्रम तर्जुमा गर्न हामी प्रतिबद्ध छौँ', मन्त्री भुसालले भन्नुभयो। कार्यक्रममा ललितपुर क्षेत्र नं ३(१) का प्रदेशसभा सदस्य उम्मेदवार राजकाजी महर्जन, (२)का उम्मेदवार जितेन्द्रकुमार श्रेष्ठलगायत समानुपातिक उम्मेदवारहरूको उपस्थिति थियो।

**गुणस्तरीय जीवनका तीन आधारस्तम्भ**

प्रतिबद्धतापत्रमा अर्थतन्त्र, पर्यावरण/वातावरण र समाजलाई गुणस्तरीय जीवनका तीन आधारस्तम्भका रुपमा राखिएको छ। पर्यटनमा आधारित अर्थतन्त्र निर्माण, पर्यावरणमैत्री पूर्वाधार निर्माण र समातामूलक समाज निर्माण गर्ने प्रतिबद्धता पत्रमा उल्लेख छ। ललितपुरका अमूल्य कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्दै आकर्षक पर्यटकीय 'प्रोडक्ट' उत्पादनका लागि स्थानीय तथा सरोकारवाला निकायसँग व्यापक परामर्श गरेर स्पष्ट नीति निर्माण गरी कार्यान्वयन गरिने, ऐतिहासिक सम्पदा, मठ, मन्दिर र गुम्बासहित परम्परागत पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्दै 'डिजिटल प्रोफाइल' तयार गरिने, रथ, जात्रा, पर्व, खाना, पहिरन तथा गरगहनाजस्ता मौलिक संस्कृतिको व्यापक प्रवर्द्धन गरिने तथा हस्तकला (मूर्ति, काष्ठ, चित्र) केन्द्रको स्तरोन्नति गरिने प्रतिबद्धतापत्रमा समावेश गरिएको छ।

प्रतिबद्धतापत्रमा स्वच्छ पर्यावरणमा ललितपुरवासी रमाउन पाउनुपर्ने, स्वच्छ वातावरणमा रहेर सामाजिक-आर्थिक गतिविधि गर्न पाउनुपर्ने विषयलाई प्राथमिकता दिइएको छ। आगामी पाँच वर्षभित्र निर्माणाधीन बाग्मती, नख्खु, कर्मनासालगायत करिडोर सम्पन्न गरिने, विकास निर्माणका निकायहरुबीच उचित समन्वयका लागि नीतिगत पहल गरिने, गुणस्तरीय सुरक्षित सडक र सुविधा सम्पन्न यातायात व्यवस्था गरिने उल्लेख छ। कृषि पर्यटनको प्रवर्द्धन, खेतीयोग्य जमिनको संरक्षण, सहुलियतपूर्ण सिँचाइको व्यवस्था, कृषि उपजको व्यवस्थित सङ्कलन तथा बजारीकरण गरिनेछ।

स्वतन्त्रतासहितको समतामूलक समाज निर्माणका लागि युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिकसहित सबै समुदायका लागि विशेष कार्यक्रम बनाएर कार्यान्वयन गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ। हरेक श्रमको आर्थिक मूल्यको समानताका लागि नीति निर्माण गरी कार्यान्वयन, महिला हिंसाको उन्मूलन, हरेक क्षेत्रमा सुरक्षित महिला र बालबालिका, महिलाको वित्तीय अधिकार/आर्थिक आत्मनिर्भरताका कार्यक्रम, स्थानीय युवाका लागि रोजगार मूलक तालिम, बहुराष्ट्रिय कम्पनीसँग युवा उद्यमीलाई जोडिने तथा ललितपुरमा रहेका विकास साझेदार संस्थाहरूसँग प्रभावकारी सहकार्य गर्दै थप नयाँ नियोगलाई आकर्षित गरिने प्रतिबद्धता छ।रासस

# अरब लिगको सम्मेलन अल्जेरियामा सुरु

**सिन्ह्वा**

अल्जियर्स् । अरब लिगको सम्मेलन अल्जेरियाको राजधानी अल्जियर्स्मा मङ्गलबार साँझदेखि सुरु भएको छ। यो अरब लिगको ३१औँ शिखर सम्मेलन भएको बताइएको छ।

यस सम्मेलनका मुख्य एजेण्डामा खाद्य सुरक्षा र इजरायल प्यालेस्टाइन रहेका बताइएको छ। यसअघि लिगको ३० औँ सम्मेलनको आयोजक राष्ट्र ट्युनिसिया रहेको थियो।

ट्युनिसियाका राष्ट्रपति काइस साइदले अरब लिगको अध्यक्षता गरिरहनुभएको थियो। मङ्गलबार साँझ अल्जियर्स्मा सो सम्मेलन सुरु भएपछि त्यसको अध्यक्षता उहाँले अल्जेरियाका राष्ट्रपति अब्देलमाजिद तोबेनोलाई हस्तान्तरण गर्नुभएको थियो।

मङ्गलबार साँझको सो उद्घाटन सत्रमा सम्बोधन गर्दै अल्जेरियाका राष्ट्रपति सइदले अरब लिगको एकतामा जोड दिनुभएको थियो।

उहाँले यस ३१औँ सम्मेलनको नारा पनि पुनर्मिलन राखिएको भन्दै यस सम्मेलनले अरब राष्ट्रका बीचमा पुनर्मिलन गराउने अपेक्षा गरिएको बताउनुभएको थियो।

सो सत्रमा अल्जेरियाका राष्ट्रपति तोबेनोले अरब विश्व र समग्र विश्व नै अहिले विभिन्न जटिलताका साथ गुज्रिरहेका बेला अरब लिगको सम्मेलन सुरु भएको भन्दै यस सम्मेलनले अरबका समस्याको समाधानका लागि विकल्प दिन सक्नुपर्ने बताउनुभयो।

उहाँले हाल विश्वमा कोरोना भाइरसको समस्यापछि सुरु भएको आर्थिक मन्दीका साथै खाद्यान्न सङ्कटजस्ता विषयमा अरब विश्वले पनि सोच्नुपर्ने धारणा राख्नुभएको थियो।

उहाँले हाल विश्वमै बद्दोरुपमा रहेको खाद्यान्न सङ्कटको समाधानका लागि अरब विश्वले पनि आफ्नो अर्थतन्त्रमा गति दिँदै आपसमा सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभएको समाचारमा जनाइएको छ।

सो सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेस पनि सहभागी हुनुहुने बताइएको छ। साथै अन्य अरब देशका नेताले सो सम्मेलनमा सहभागिता जनाउनुहुने समाचारमा जनाइएको छ।

## एकतीसौं अरब लिग शिखर सम्मेलनमा सिद्वारा बधाई

**सिन्ह्वा**

बेइजिङ । चीनका राष्ट्रपति सी चिनफिडले मङ्गलबार अल्जेरियाका राष्ट्रपति अब्देलमाजिद तोबोनोलाई अरब लिग शिखर सम्मेलनको बधाई दिनुभएको छ।

अरब लिगको सम्मेलन अल्जेरियाको राजधानी अल्जियर्स्मा मङ्गलबार साँझदेखि सुरु भएको छ। अरब लिगको ३१औँ शिखर सम्मेलन अवसरमा सिले बधाई सन्देश पठाउनुभएको हो।

अरब लिगले मध्यपूर्वमा शान्ति, स्थायित्व कायम गर्दै बहुपक्षीयता र विकासोन्मुख देशको साझाहितको रक्षाका लागि निरन्तर प्रयास गरिरहेको उहाँले बताउनुभएको छ।

चिनियाँ राष्ट्रपतिले अरब देशहरुबीचको ऐक्यबद्धतालाई सुदृढ गर्न अल्जेरियाको दीर्घकालीन प्रतिबद्धता, विकासशील देशका वैधानिक अधिकार र हितको रक्षा गर्नको लागि सक्रिय भूमिकाको प्रशंसा गर्नुभएको छ।

ट्यूनिसियाका राष्ट्रपति काइस साइदले अरब लिगको अध्यक्षता गरिरहनुभएको थियो। मङ्गलबार साँझ अल्जियर्स्मा सो सम्मेलन सुरु भएपछि त्यसको अध्यक्षता उहाँले अल्जेरियाका राष्ट्रपति अब्देलमाजिद तोबेनोलाई हस्तान्तरण गर्नुभएको थियो।

# क्रिकेटर सन्दीपको मुद्दा हेर्दाहेर्दैमा

काठमाण्डु । बलात्कार मुद्दा खेपिरहेका राष्ट्रिय क्रिकेट टोलीको निलम्बित कप्तान सन्दीप लामिछानको मुद्दामा थुनछेक बहस नसकिएपछि मुद्दा हेर्दाहेर्दैमा राखिएको छ।




जिल्ला अदालत काठमाण्डुमा बुधबार दुवैतर्फका कानुन व्यवसायीले बहस गरेका छन्। सबै कानुन व्यवसायीको बहस नसकिएकोले मुद्दा हेर्दा हेर्दैमा गएको हो। सन्दीपका वकिलले बुधबार पीडित नाबालिग नभएको प्रमाण पेस गरेर उनलाई धरौटीमा छाड्न माग गरेका छन्।

दुई दिनदेखि जारी थुनछेकको बहसका क्रममा बुधबार सन्दीपका वकिलहरुले पीडित नाबालिग नरहेको प्रमाण पेश गरेका छन्। पीडित भनिएकी र अभियोग लागेका सन्दीप दुवैजनाको बयान इजलासमा सकिएपछि उक्त प्रमाण पेश गरिएको हो।

सन्दीपको तर्फबाट बहसमा सहभागी वकिलहरुले पीडित नाबालिग नभएको प्रमाणस्वरुप जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि न्यायाधीशसमक्ष पेश गरेका छन्।

अदालतमा पेश गरिएको उक्त प्रमाणपत्रमा पीडित भनिएकी किशोरीको जन्म २०६१ असार १८ गते भएको उल्लेख छ। त्यसअनुसार पीडित १८ वर्ष ३ महिना पूरा भइसकेको देखिएको छ। सन्दीपले आफूले बालात्कार नगरेको बयान दिदै आएका छन्।

# हालोविनको रात सिकागोमा चौध जनाको हत्या



**सिन्ह्वा**

सिकागो। अमेरिकाको तेस्रो ठूलो शहर शिकागो पश्चिमी भागमा हालोविनको रात चौध जनाको हत्या भएको छ। सवारी साधनबाट अन्धाधुन्ध गोली हानेर भागेका आक्रमणकारीलाई सुरक्षाकर्मीले खोजी रहेका छन्।

सोमबार राति भएको उक्त घटनामा तीन वर्षको शिशुसहित ११ र १३ वर्षका किशोर किशोरी पनि मारिएका छन्। अन्य मृतकको विस्तृत विवरण प्राप्त नभएको प्रहरीलाई उद्धृत गर्दै सिकागो ट्रिब्युनले जनाएको छ। आक्रमणकारीबाट ज्यान जोगाउन भागेकी एक महिलालाई आक्रमणकारी सवार गाडीले ठक्कर दिएको थियो।

आक्रमणकारीको एक समूहले सडकको एक किनारमा बसेर आक्रमणकारीलाई सघाएको थियो भने अर्को समूहले गाडीबाटै गोली हानेको थियो। हालसम्म कसैलाई पक्राउ नगरिएको र घटनाको अनुसन्धान तथा अपराधीको खोजी भइरहेको प्रहरीले बताएको छ।

# चीन र फ्रान्सका विदेशमन्त्रीबीच टेलिफोन वार्ता

**सिन्ह्वा**

बेइजिङ। चीनका राज्यपरिषद् सदस्य एवम् विदेशमन्त्री वाङ यीले आफ्ना फ्रान्सेली समकक्षी क्याथरिन कोलोनासँग फोन वार्ता गर्नुभएको छ। वार्ताका क्रममा उहाँले चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को बीसौँ राष्ट्रिय महाधिवेशन सफल भएको तथा त्यसले सी चिनफिङलाई महासचिवमा सर्वसम्मतरूपमा निर्वाचित गरेको जानकारी दिनुभयो।



उक्त पदमा सीको पुनःनिर्वाचित हुनु चिनियाँ जनताको साझा आकाङ्क्षा भएको बताउँदै उहाँ नेतृत्वको महाधिवेशनले चीनको भविष्य र विकासको खाका तयार पारेको जानकारी दिनुभयो। साथै उहाँले विश्वशान्तिका निम्ति चीनले अवलम्बन गरेको स्वतन्त्र परराष्ट्र नीति तथा साझा विकास प्रवर्द्धनप्रतिको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

चीनले फ्रान्स र युरोपप्रतिको आफ्नो नीतिमा निरन्तरता र स्थिरता कायम राखेको, चीन-युरोपेली सङ्घको व्यापक रणनीतिक साझेदारीलाई अगाडि बढाउन तथा दुई देशबीच रणनीतिक समन्वय एवम् सहयोगलाई अझ प्रगाढ बनाउन चीन तयार रहेको विदेशमन्त्री वाङले बताउनुभयो।

चीन र फ्रान्सले दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ तुल्याउन विभिन्न क्षेत्रमा उच्चस्तरीय आदानप्रदान र सहयोगको संयुक्त योजना बनाउनुपर्नेमा पनि जोड दिनुभयो भने फ्रान्सेली विदेशमन्त्रीले विश्व शान्ति, स्थायित्वको रक्षाका लागि फ्रान्स र चीनले सधैं आपसी विश्वास सहयोगका साथ सहकार्य गर्नुपर्ने बताउनुभयो।

फ्रान्सेली विदेशमन्त्रीले साझा हितका विषय प्रवर्द्धन गर्न तथा साझा चुनौती सामना गर्न चीनसँग निकट सम्पर्क र समन्वयमा काम गर्न आफू इच्छुक रहेको बताउनुभयो। उहाँहरूले युक्रेन तथा कोरियाली प्रायःद्वीपको अवस्थाका साथै साझा सरोकारका अन्य विषयमा पनि विचार आदानप्रदान गनुभएको थियो।

# बंगलादेशमाथि भारतको रोमान्चक जित

**एजेन्सी**

भारतले आइसिसी टि२० विश्वकपमा बंगलादेशलाई डकवर्थ लेविस पद्धतिको आधारमा पाँच रनले हराउँदै सेमिफाइनल नजिक पुगेको छ।



जितको लागि १ सय ५२ रनको विजयी लक्ष्य पछ्याएको बंगलादेशले निर्धारित १६ ओभरमा ६ विकेट गुमाउँदै १ सय ४५ रन बनायो। बंगलादेशका ओपनर लिटन दासले २७ बलमा ७ चौका र ३ छक्कासहित सर्वाधिक ६० रनको योगदान दिए।

बंगलादेशलाई अन्तिम ओभरमा जितको लागि २० रन चाहिँएको थियो। तर अर्धशदीप सिंहले १४ रन खर्चिँदै जित पक्का गराए। नुरुल हसन १४ बलमा २ चौका र १ छक्कासहित २५ रनमा अविजित रहे। तस्किन अहमद ७ बलमा १ चौका र १ छक्कासहित १२ रनमा अविजित रहे।

जितको लागि १ सय ८५ रनको विजयी लक्ष्य पछ्याएको बंगलादेशले ७ ओभरमा ६६ रन जोड्दै सानदार सुरुवात गरेको थियो। त्यो समय वर्षाको कारण खेल रोकिएपछि १६ ओभरमा बंगलादेशले १ सय ५१ रन बनाउनु पर्ने भएको थियो। तर वर्षापछि भने बंगलादेशले राम्रो गर्न सकेन।

तर खेल सुरु भएको दोस्रो बलमै लिटन दास दुई रन लिनेक्रममा रन आउट भए। लोकेश राहुलले डाइरेक्ट थ्रोमा स्टम्प ताकेपछि दास पेभेलिएन फर्किनु परेको हो। त्यो विकेट बंगलादेशको लागि घातक बन्यो। त्यसपछि बंगलादेशले लगातार विकेट गुमाएको थियो।

बंगलादेशका सकिब अल हसन १३, अफिफ हुसैन र मोसाद्देक ६ रनमा आउट भए। भारतका हार्दिक पान्ड्याले ३ ओभरमा २८ रन खर्चेर २ विकेट लिए। अर्शदीप सिंहले ४ ओभरमा ३८ रन खर्चेर २ विकेट लिए। मोहम्मद शामीले एक विकेट लिए।

त्यसअघि एडिलेड ओभलमा टस हारेर पहिला ब्याटिङ थालेको भारतले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ८४ रन बनाएको थियो। भारतका विराट कोहलीले ४४ बलमा ८ चौका र १ छक्कासहित सर्वाधिक ६४ रनमा अविजित रहे।

लोकेश राहुलले ३२ बलमा ३ चौका र ४ छक्कासहित ५० रनमा आउट भए। कप्तान रोहित शर्मा ८ बल खेल्दै २ रनमा आउट भए। सूर्यकुमार यादव १६ बलमा ४ चौकासहित ३० रनमा आउट भए। हार्दिक पान्ड्या ५, दीनेश कार्तिक र अक्षर पटेलले ७-७ रन बनाए।

रविचन्द्रन आश्विन ६ बलमा १ चौका र १ छक्कासहित १३ रनमा अविजित रहे। बंगलादेशका मोहम्मद हसनले ४ ओभरमा ४७ रन खर्चेर ३ विकेट लिए। सकिब अल हसन ४ ओभरमा ३३ रन खर्चेर २ विकेट लिए।

भारतले पहिलो खेलमा पाकिस्तानलाई चार विकेट र नेदरल्यान्ड्सलाई ५६ रनले हराएको थियो। तर दक्षिण अफ्रिकासँग ५ विकेटले पराजित भएको थियो। भारतले अव आइतबार जिम्बावेसँग खेल्नेछ। भारत उक्त खेलमा विजयी हुँदा सहजै सेमिफाइनलमा पुग्नेछ।

बंगलादेशले पहिलो खेलमा नेदरल्यान्ड्सलाई ९ रनले हराएको थियो। दक्षिण अफ्रिकासँग १ सय ४ रनले पराजित भएको थियो। जिम्बावेमाथि ३ रनको रोमान्चक जित हात पारेको थियो। बंगलादेशले अन्तिम खेल आइतबार पाकिस्तानसँग खेल्नेछ।

**अंक तालिका**

सुपर १२ को समूह ए मा न्युजिल्यान्ड ४ खेलमा २ मा जित, १ मा हार र एक खेलमा अंक बाड्दै ५ अंकका साथ शीर्षस्थानमा छ। इंग्ल्यान्ड ४ खेलमा २ मा जित, १ मा हार र १ खेलमा अंक बाँड्दै ५ अंकका साथ दोस्रो स्थानमा छ।

अष्ट्रेलिया ४ खेलमा २ मा जित, १ मा हार र १ खेलमा अंक बाँड्दै ५ अंकका साथ तेस्रो स्थानमा छ। यी तीन टोलीको नेटरनरेट क्रमश : प्लस २.२२३, प्लस ०.५४७ र माइनस ०.३०४ छ।

श्रीलंका ४ खेलमा २ मा जित र २ मा हारसहित ४ अंकका साथ चौथो स्थानमा छ। आयरल्यान्ड ४ खेलमा २ मा हार र १ मा जितसहित ३ अंकका साथ पाँचौं स्थानमा छ। अफगानिस्तान ४ खेलमा २ मा जित र २ मा हासहित पुछारमा रहँदै बाहिरि सकेको छ।

सुपर १२ को समूह बी मा भारत ४ खेलमा ३ मा जित र १ मा हारसहित ६ अंकका साथ शीर्ष स्थानमा छ। दक्षिण अफ्रिका ३ खेलमा २ मा जित र १ मा हारसहित ५ अंकका साथ दोस्रो स्थानमा छ। बंगलादेश ४ खेलमा २ मा जित र २ मा हारसहित ४ अंकका साथ तेस्रो स्थानमा छ।

जिम्बावे ४ खेलमा १ मा जित, २ मा हार र १ खेलमा अंक बाँड्दै चौथो स्थानमा छ। पाकिस्तान ३ खेलमा २ अंकका साथ पाँचौं स्थानमा छ। नेदरल्यान्ड्स ४ खेलमा ३ मा हार र १ मा जितका साथ पुछारमा छ।

# शक्तिशाली विस्फोट

**सिन्ह्वा**

काबुल । अफगानिस्तानको काबुलस्थित प्रहरी जिल्ला नं ५ मा बुधबार बिहान शक्तिशाली विस्फोट भएको छ। सो विस्फोटमा परी ठूलो जनधनको क्षतिको आशङ्का गरिएको बताइएको छ।



विस्फोट निकै शक्तिशाली भएको प्रत्यक्षदर्शीले जनाएका छन्। उनीहरुका अनुसार सो विस्फोटबाट कैयौँ मानिसको ज्यान गएको हुनसक्छ।

उनीहरुका अनुसार स्थानीय समयानुसार बिहान ०८ बजेर १० मिनेट जाँदा जिल्ला प्रहरी कार्यालय-५ स्थित सरकारी भवनअगाडि रहेको सरकारी कर्मचारीको मिनीबसलाई लक्षित गरी विष्फोट भएको बताइएको छ।प्रहरीले घटनास्थललाई घेराबन्दी गरेको छ।

विष्फोटस्थलमा पत्रकारलगायत मानिसलाई प्रवेशमा रोक लगाएको छ। यस घटनाको विस्तृत विवरण भने आइसकेको छैन।

# छठ पूजाका क्रममा त्रिपन्न जना डुबे

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको पूर्वीराज्य विहारका विभिन्न भागमा छठ स्नानका क्रममा डुबेर ५३ जनाको मृत्यु भएको छ। हिन्दु धर्मावलम्बीहरूको चारदिने चाड छठमा सूर्य उपासना, स्नान गर्न नदी तथा तलाउमा गएका श्रद्धालुको डुबेर मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन्।

राज्यको विपद् व्यवस्थापन कार्यालयका अधिकारीहरूलाई उद्धृत गर्दै स्थानीय सञ्चार माध्यमले जनाएअनुसार छठको अन्तिम दिन गत सोमबार १८ जना डुबेका थिए। विहारका मुख्यमन्त्री नीतिश कुमारले मृतकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनका परिवारलाई क्षतिपूर्तिस्वरुप राज्यकोषबाट रू चार लाख उपलव्ध गराउने घोषणा गर्नुभएको छ। उहाँले क्षतिपूर्ति बापतको रकम तत्काल पीडितका परिवारलाई प्रदान गर्ने व्यवस्था मिलाउन जिल्लाका सम्बद्ध अधिकारीलाई निर्देशन पनि दिनुभएको छ।

प्रकाशको पर्व दीपावलीको अन्त्यसँगै भारतमा छठ पर्व प्रारम्भ हुन्छ। उत्तर एवम् पूर्वी भारतका हिन्दुहरूमा जलाशय तथा नदीमा स्नान गरी सूर्य भगवान्को उपासना गर्ने प्रचलन छ।

# चिनियाँ राष्ट्रपति र पाकिस्तानी प्रधानमन्त्रीबीच भेटवार्ता



**सिन्ह्वा**

बेइजिङ । चिनियाँ राष्ट्रपति सी चिनफिङले बुधबार बेइजिङमा पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफसँग भेटवार्ता गर्नुभएको छ।

बेइजिङको भ्रमणमा रहनुभएका पाकिस्तानी प्रधानमन्त्री सरिफसँग सिले भेटवार्त गर्नुभएको तर उहाँहरुबीच भएको कुराकानी भने समाचार प्राप्त भएको छैन्। यस समाचारको विस्तृत विवरण भने प्राप्त भएको छैन्।

## मिनिबसलक्षित आक्रमणमा आठ घाइते

**सिन्ह्वा**

काबुल। अफगानिस्तानको काबुलस्थित प्रहरी जिल्ला नं ५ मा बुधबार बिहान एक मिनिबसलाई लक्ष्यगरी गरिएको शक्तिशाली विस्फोटमाा परी आठ घाइते भएका सरकारी अधिकारीले जानकारी दिएका छन्।

विस्फोट निकै शक्तिशाली भएको प्रत्यक्षदर्शीहरुले जनाएका छन्। उनीहरुका अनुसार स्थानीय समयानुसार बिहान ०८ बजेर १० मिनेट जाँदा जिल्ला प्रहरी कार्यालय ५ स्थित सरकारी भवनअगाडि रहेको सरकारी कर्मचारीको मिनीबसलक्षित सो विष्फोट भएको थिो।

प्रहरीले घटनास्थललाई घेराबन्दी गरेको छ। विष्फोटस्थलमा पत्रकारलगायत मानिसलाई प्रवेशमा रोक लगाएको छ।

# रूस भारतको स्वतन्त्रतापछिको सबैभन्दा भरपर्दो साझेदार : सर्वेक्षण

**एएनआई**

नयाँ दिल्ली स्थित 'थिंक ट्यांक अब्जर्भर रिसर्च फाउन्डेसन (ओआरएफ)' ले गरेको एक सर्वेक्षणअनुसार सन् १९४७ मा भारत स्वतन्त्र भएयता रुस भारतको सबैभन्दा भरपर्दो साझेदार मानिएको छ।

भारतका १९ शहरमा गरिएको राष्ट्रिय सर्वेक्षणमा पाँच हजार सहरी युवाको नमूना समावेश गरिएको थियो।

युवा भारतीयहरूले विभिन्न प्रश्नहरूको जवाफ दिँदै देशको विदेश नीतिलाई सकारात्मक रूपमा मूल्याङ्कन गरेका छन्।

उत्तरदाताहरूले रूसलाई स्वतन्त्रतापछिको भारतको सबैभन्दा भरपर्दो साझेदार (४३ प्रतिशत) को रूपमा उल्लेख गरेका छन्।

हर्ष भी पन्त, प्रेमेश साह र अन्यद्वारा लिखित 'ओआरएफ फरेन पोलिसी सर्भे २०२२ः इन्डिया एट ७५ एन्ड द वर्ल्ड'ले संयुक्त राज्य अमेरिकालाई २७ प्रतिशतले पछ्याएको छ।

यसै वर्षको सुरुमा युक्रेन द्वन्द्व सुरु भएदेखि नै रूससँगको भारतको द्विपक्षीय सम्बन्ध प्रतिबन्धग्रस्त मस्कोबाट तेल आयातमा भएको वृद्धिका कारण भारत पश्चिमा मुलुकहरूको निगरानीमा आएको छ।

युक्रेनमा आठ महिनाभन्दा बढी समयदेखि जारी युद्धले विश्वव्यापी खाद्य सुरक्षामा महत्वपूर्ण प्रभाव पारेको छ र कच्चा तेलको मूल्यमा अचानक वृद्धि भएको छ।

# फोफाना चम्कँदा सलहेश क्वाटरफाइनलमा

विराटनगर। अफ्रिकी फरवार्ड फोडे फोफानाले दुई गोल गरेपछि सिराहाको सलहेश युवा क्लब पाँचौ बेलबारी गोल्डकपको क्वाटरफाइनलमा प्रवेश गरेको छ।



बुधबार भएको दोस्रो प्रिक्वाटरफाइनलमा वेस्ट बङ्गालको एमएमएफसीलाई ३-१ ले पराजित गर्दै सलहेश अन्तिम ८ मा प्रवेश गरेको हो। भारतीय टोलीले पहिलो हाफमा अग्रता लिएपनि त्यसलाई जोगाउन नसक्दा हार बेहोर्नुपर्यो। सलहेशबाट ए डिभिजन क्लब जावलाखेल युवा क्लबका अधिकांश खेलाडी थिए।

सत्यम शर्माले ३० औं मिनेटमा अग्रता दिलाएका थिए। ४१ औं मिनेटमा फोफानाले बराबरी गोल गर्दै सलहेशलाई खेलमा फर्काए। ४७ औं मिनेटमा दिनेश हेन्जनले गोल गर्दै अग्रता दिलाए। त्यसपछि ७८ औं मिनेटमा फोफानाले व्यक्तिगत दोस्रो गोल गर्दै जित पक्का गरे।

विहीबार हुने पहिलो क्वाटरफाइनलमा रोलिङ क्लब झापाले आयोजक डाँगीहाट युथ क्लबको सामना गर्नेछ।



**सामाचकेवा बिक्री गरिदै** : महोत्तरीको जलेश्वरमा सामाचकेवा बिक्री गरिँदै ।

*तस्विर : रासस*

# ताप्लेजुङका किसानलाई अलैँची थन्क्याउन भ्याइनभ्याइ

फुङ्लिङ । ताप्लेजुङका किसानलाई अलैँची थन्क्याउन भ्याइनभ्याइ छ । तिहार र छठ पर्व सकिएसँगै अलैँची टिप्न, छोडाउन र सुकाउनमा व्यस्त छन् ।

असोजदेखि मङ्सिर महिना अलैँची थक्याउने मुख्य समय हो । ताप्लेजुङकै प्रमुख नगदे बालीका रूपमा खेती गर्दै आएको छ । बेंसी क्षेत्रमा साउन महिनादेखि लेकाली क्षेत्रमा मङ्सिर तेस्रो सातासम्म अलैँची टिपाइ हुन्छ । अहिले अलैँची थन्क्याउन मुख्य मौसम भएकाले किसानलाई चटारो हुने गरेको हो । अलैँची सङ्कलन गर्ने समय भएपछि केही समय मात्र ढिलो गरेमा वन्यजन्तुले खाएर क्षति पुऱ्याइदिने हुँदा किसानलाई अलि बढी चटारो लागेको पाथीभरा याङवरक गाउँपालिका-१ थेचम्बुका अलैँची किसान ज्ञानबहादुर गुरुङले बताउनुभयो ।

अलैँची सिजनका कारण दसैँ, तिहारजस्ता चाडपर्व सहज गरी मनाउन नै नपाएको गुरुङले बताउनुभयो । मुख्य सिजन भएकाले चाडपर्वमा पनि अलैँची बारी (बगान)मै बिताउनुपरेको फक्ताङ्लुङ गाउँपालिका-६ मादिबुङका अलैँची किसान बसन्त लिम्बूले बताउनुभयो । उहाँले दसैँ घरमै मनाए पनि तिहारमा भने अलैँची बगानमै बिताउनुभएको थियो । फुङ्लिङ नगरपालिका-६ बिहिवारेका किसान खाङ्डु शेर्पाले पनि अलैँची टिप्न, छोडाउन र सुकाउनमै तिहार बितेको बताउनुभयो । घरमा बसेर चाडपर्व मनाउन थाल्दा जङ्गली जीवजन्तुले धेरै क्षति गर्ने भएकाले चाडपर्व नभनी अलैँची टिप्न र थन्क्याउनमा व्यस्त हुनुपरेको शेर्पाले बताउनुभयो । यि त केही प्रतिनिधि मात्र हो ।

अलैँची खेतीमा सङ्लग्न जिल्लाभरका किसानलाई अहिले अलैँची घर भित्र्याउन भ्याइनभ्याइ भएका छन् । जिल्लाका नौ स्थानीय तहका ६१ वटा वडामध्ये फक्ताङ्लुङ गाउँपालिका-७, ओलाङ्चुङगोलाबाहेक सबै वडामा अलैँची खेती हुन्छ । जिल्लामा करिब चार हजार चार सय ५० हेक्टर क्षेत्रफलमा अलैँची खेती गरिँदै आएको छ । प्रमुख नगदेबाली भएकाले धान, मकैजस्ता खाद्यान्न बाली उत्पादन हुने जग्गा नै मासेर किसानले अलैँची खेती गर्दै आएका छन् ।रासस

# कायापलट गर्न ३ दिन मात्र बाँकी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका लागि टीभीएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले नेपालीहरुको महान चाड दशैं, तिहार तथा छठपर्वहरुलाई मध्यनजर गर्दै सार्वजनिक गरेको 'कायापलट' नामको विशेष योजना समाप्त हुन अब तीन दिन मात्र बाँकी रहेको छ ।




यस योजनाको भरपुर लाभ लिन र बम्परमा ५० लाखको नगद उपहार प्राप्त गर्न छिटो किन्नुहोस् टीभीएसमा कुनैपनि दूई पांग्रे सवारी साधन । यो योजना मार्फत धेरै ग्राहकहरुले नगद पुरस्कार तथा उपहारहरु पाउन सफल भइसकेका छन् । नकिन्दै एक लाख, किन्दा दश लाख प्रप्त गर्न र हरेक हप्ता एक खरिदकर्ताले सम्पूर्ण नगद फिर्ता पाउन आजै किन्नुहोस् टीभीएसका कुनै पनि दूई पांग्रे सवारी साधन । यसका साथै हरेक दिन योजना बारे सोधपुछ गर्ने एक भाग्यशाली विजेताले Realme C30 Smart Phone र २५% डाउनपेमेन्ट र ४ हजार २७७ को मासिक ईएमआइमै बाइक तथा स्कुटर पाउन सक्ने प्रावधानहरु पनि यस योजनामा समावेश छन् ।

जगदम्बा मोटर्स प्रा लि नेपालमा टीभीएसका दूई पांग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो । कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरुको बलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टीभीएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ । गुणस्तरीय उत्पादनहरु, बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धता मार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टीभीएस नेपालको सर्वाधिक रुचाइएको टू-ह्विलर ब्राण्डका रुपमा स्थापित छ ।

# मूल्य निर्धारण नगरिँदा किसान सस्तोमा धान बेच्दै

टीकापुर । कैलालीका किसान आजभोलि धानबाली भित्र्याइरहेका छन् । धेरै किसान भित्र्याउने काम सकेर आफूलाई आवश्यक धान खाद्यान्नका लागि भण्डारण गर्ने र बाँकी बेच्न थालेका छन् । तर यस वर्ष धानको बिक्री समर्थन मूल्य निर्धारण नहुँदा सस्तोमा धान बेच्न किसान बाध्य छन् ।



कैलालीका किसान यस वर्ष न्यून मूल्यमा धान बेच्न बाध्य भएका हुन् । सरकारले अहिलेसम्म धानको समर्थन मूल्य निर्धारण नगर्दा सस्तोमा धान बेचिरहेको चित्रबहादुर चौधरीले बताउनुभयो । "मूल्य निर्धारण नभएका कारण हामी सस्तोमा धान बेचिरहेका छौँ", उहाँ भन्नुहुन्छ, "धान बेचेर हिउँदे खेतीका लागि आवश्यक मल, बीउ र जोताइ खर्च जोहो गर्नुपर्छ । त्यसैले धान दाउने बित्तिकै बेच्नुपर्छ तर सरकारले मूल्य तोकेको छैन ।"

स्थानीय गल्ला व्यापारी तथा धान खरिद गर्ने व्यवसायीले धान प्रतिक्विन्टल रु दुई हजार दुई सयदेखि रु दुई हजार तीन सयसम्ममा खरिद गरिरहेका छन् । सरकारले समर्थन मूल्य नतोकेको र धान राम्रोसँग नसुकेको कारण सुरुआती चरणमा उक्त मूल्यमा धान खरिद गरिरहेको व्यापारी नवीन श्रेष्ठले बताउनुभयो ।

सरकारले धान सस्तो मूल्यमा बेचेर सकिने बेला समर्थन मूल्य निर्धारण गर्ने भएकाले धान उत्पादनको लागत मूल्यभन्दा सस्तोमा धान बेच्नुपरेको किसानको गुनासो छ । सरकारले अहिलेसम्म कुनै जानकारीसमेत नगराएको र मन्त्रिपरिषद्को निर्णयले धानको समर्थन मूल्य निर्धारण गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालयमा परिपत्रपछि कार्यान्वयन हुने गर्दछ । तर अहिलेसम्म कुनै जानकारी नभएको नेपाल खाद्य संस्थान सुदूरपश्चिम प्रादेशिक कार्यालय धनगढीका प्रमुख एन्जिला बस्नेतले बताउनुभयो ।

"मूल्य निर्धारण गरिएको छैन, निर्धारण भएपछि हामीले धान खरिद डिपो लगाउने गर्दछौँ", उहाँले भन्नुभयो, "अहिले व्यापारीले आ-आफ्नै तरिकाले धान खरिद गरिरहनुभएको छ ।" गत वर्ष टीकापुरमा कात्तिक १८ गतेदेखि खाद्य व्यवस्था तथा कम्पनीले मोटा धान प्रतिक्विन्टल रु दुई हजार सात सय ३५ र मध्यम धान रु दुई हजार आठ सय ८५ मा खरिद सुरु गरेको थियो ।

**बाढीले धानको बीजवृद्धि खेतीमा क्षति**

गएको असोजमा कैलालीमा आएको बाढी तथा डुबानले तयारी अवस्थामा रहेको धान बालीमा नोक्सानी भयो । धेरै किसानले खाने बाली तथा बीउ उत्पादनका लागि धानखेती गरेका थिए । बाढी तथा डुबानले खानका लागि लगाएको बालीसँगै बीउ उत्पादनका लागि गरिएको खेतीमा असर गर्दा यस वर्ष बीजवृद्धि खेतीको उत्पादन घट्ने बीउ उत्पादक कृषि सहकारीको भनाइ छ ।

जानकी गाउँपालिका-४ स्थित बीजवृद्धि कृषक सहकारी संस्था मुनुवाले यस वर्ष एक सय ८० हेक्टरमा विभिन्न जातका धानको बीजवृद्धि खेती गरेको थियो । बीउका लागि गरिएको खेती रोपेदेखि विभिन्न समयमा खेतको निरीक्षणसँगै उत्पादनको अवस्थामा पुग्ने बेलासम्म धानखेत राम्रै उत्पादन दिने अवस्थामा थियो । बाली तयारी अवस्थामा पुगेका बेला असोजमा दुईपटक आएको वर्षा र बाढीले धानखेतीमा क्षति पुऱ्याएको सहकारीले जनाएको छ ।

सहकारीको यस वर्ष चार हजार क्विन्टल धानको बीउ सङ्कलन गरी भण्डारण गर्ने योजना थियो । तर बाढी र डुबानका कारण बीजवृद्धिका लागि गरिएको खेतमा नोक्सानी हुँदा धानको बीउको मात्रा घट्ने सहकारीका व्यवस्थापक गोविन्द रावतले बताउनुभयो । "यस वर्ष हामीले बीजवृद्धिका लागि सघाएका क्षेत्रमा समेत उत्पादन घटेको छ । बाढीले डुबेको र ढलेको धान बीउका लागि योग्यसमेत हुँदैन", उहाँ भन्नुहुन्छ, "अहिले किसान धान सङ्कलन गर्दैछन् । तर धानको बीउ भने घट्ने निश्चित हो ।"

टीकापुरका नमूना बहुउद्देश्यीय सहकारीले पनि यस वर्ष ८२ बिघा क्षेत्रमा विभिन्न जातको धानको बीजवृद्धि कार्यक्रम गरेको थियो । करिब एक हजार दुई सय क्विन्टल धानको बीउ सङ्कलन गर्ने लक्ष्य राखेको छ । तर बाढी तथा डुबानले गर्दा धानको बीजवृद्धिका लागि गरिएको बालीमा नोक्सानी गरेकाले बीउ उत्पादनमा असर पर्ने सहकारीका व्यवस्थापक लीला चौधरीले बताउनुभयो ।

टीकापुरकै धनसिंहपुर कृषि सहकारीले पनि ६२ बिघा क्षेत्रफलमा बीउ उत्पादनका लागि धानको बीउवृद्धि खेती गरेको थियो । बाढी तथा डुबानले गर्दा धानको बीजवृद्धिका लागि गरिएको १५ बिघा क्षेत्रफल बालीमा नोक्सानी गरेकाले बीउ उत्पादनमा असर पर्ने सहकारीका व्यवस्थापक मुना घर्तीमगरले बताउनुभयो ।

टीकापुर नगरपालिकामा आठ र जानकीमा तीन सहकारी बीउ उत्पादन सङ्घमा आबद्ध छन् । सहकारीले विभिन्न बालीको बीउ उत्पादन गर्दै आएका छन् भने धानको मात्र यस वर्ष करिब पाँच सय हेक्टरमा बीउ उत्पादनका लागि बिजवृद्धि कार्यक्रम सञ्चालन गरेका छन् ।रासस

# हिरोले लोमाङ्गथान भ्रमण गराउने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको लागि हिरो मोटर साईकलको आधिकारिक विक्रेता नेपाल जनरल माकेटिङ्ग प्रा.लि. ले आन्तरिक पर्यटन प्रवर्द्धनको साथै हिरो Xpluse 200मोटर साईकल खरिद गरेका ग्राहकहरुलाई अति सुन्दर मनमोहक लोमाङ्गथान भ्रमण गराउने भएका छन् ।




यहि कार्तिक १६ गतेबाट करिब ३० जनाभन्दा बढी Xpluse 200 चढ्ने ग्राहकहरुलाई सहभागिता गराउँदै यात्रा शुरु हुनेछ । सो यात्रा काठमाण्डु-पोखरा-लेटे-जोमसोम-मुक्तिनाथ-लोमाङ्गथान हुदै करिब ९०० कि.मि.को हुनेछ ।

नेपाल जनरल माकेटिङ्ग को अध्यक्ष अभिक ज्योतिले टेकु,बुधबारीमा रहेको हिरोको शोरुमा कार्तिक १६गते (Flag off) ल्फाग अफ गरेर यात्राको शुभारम्भ गरे । सो अवसरमा उनले यात्रामा सरिक हुने सबैलाई अनुशासित तवरले सतकर्ताका साथ बाईक चलाउनु अनुरोध गर्दै जोखिममुक्त तवरले यात्राको सफलताको लागि सबैलाई हार्दिक शुभकामना दिए ।

# डोटीमा बढ्दै व्यावसायिक सुन्तलाखेती

दिपायल । दिपायल र डोटीमा कृषकले व्यावसायिक सुन्तलाखेती बढाएका छन् । थोरै लगानीको सजिलो खेती र राम्रो आम्दानी हुने भएकाले अन्य पेसा-व्यवसायमा संलग्न व्यक्ति पनि व्यावसायिक सुन्तला खेतीमा सहभागी भएका छन् ।

यहाँका किसानले परम्परागतरुपमा गरिँदै आएको सुन्तला खेतीलाई व्यवसायीकरण गर्न थालेका छन् । डोटीको बडीकेदार गाउँपालिका-२ का तारा मटेलीले व्यावसायिकरुपमा सुन्तला खेती गर्दै आएका छन् । उहाँले आफ्नो जमिनमा सानाठूला गरी सुन्तलाका करिब पाँच सय बोट लगाएका छन् । बाबुबाजेले अन्नबाली लगाउँदै आएको जमिनमा चाहेजस्तो आम्दानी नभएपछि सुन्तलालाई खेती गरी वार्षिकरुपमा रु सात लाखदेखि नौ लाखसम्म आम्दानी हुँदै आएको उहाँले बताउनुभयो ।

विभिन्न निकायको सहयोगमा सुन्तलाखेती फस्टाउनसमेत सहयोग भएको उहाँको भनाइ छ । "फलफूल बिक्रीवितरणबाटै घरपरिवार चलाएको छु", उहाँले भन्नुभयो, "राम्रो आम्दानी हुन थालेपछि यसलाई व्यवसायीकरण गरेको हुँ ।" यस वर्ष भने असिनाले दानामा असर गर्दा उत्पादनमा कमी आउने उहाँको भनाइ छ ।

अन्य खेतीमा पटकपटक मेहनत गर्नुपर्ने भए पनि सुन्तलाखेतीमा वर्षका एक/दुईपटक मलजल गरेपछि राम्रै फल पाइने बडीकेदार गाउँपालिका-४ का किसान चक्र जेठराले बताउनुभयो । उहाँले हाल बारीमा सानाठूला गरी सात सय वटा सुन्तलाका बोट रोपेको र वार्षिकरुपमा सात लाख आम्दानी गरिरहेको बताउनुभयो । सडकको पहुँचबाट टाढा रहेको सो गाउँमा हाल उहाँले आफ्नो रु चार लाख लगानीमा सडक निर्माण गरी उत्पादन गरिएका सबै वस्तुले सहजरुपमा बजारमा लैजाने सकिरहेको बताउनुभयो । स्थानीय स्थरमा उत्पादन गरिएका सबै वस्तुलाई बजारसम्म लैजान र बजारीकरण बनाउन पहल भइरहेको बडीकेदार गाउँपालिकाका अध्यक्ष भैरवबहादुर साउँदले बताउनुभयो । रासस

# 'शून्यको कमाल बनाउँछ उपभोक्ता मालामाल'




**टुडे समाचारदाता**

काठमाण्डु । शौर्य सिमेन्टले देश व्यापी रूपमा 'शून्यको कमाल बनाउँछ उपभोक्ता मालामाल अफर' लिएर आएको छ । कातिक १५ देखि पुष ३० सम्म लागु हुने यस योजना अन्तर्गत उपभोक्ताहरुले हरेक ५० बोराको खरिदमा १ प्रति कुपन प्राप्त गरी हातखाली नजाने ५०० देखि १० हजार सम्मको कुपन scratch गरी नगद प्राप्त गर्न सक्ने छन् ।

त्यसैगरी, ५० बोरा भन्दा बढीको खरिदमा, एक भन्दा बढी कुपन प्राप्त गर्दा , शून्य अङ्क उल्लेखित कुपन परेको खण्डमा आफ्नो अर्को कुपनमा भएको रकम पछाडि शून्य थप गरी १ लाख सम्म नगद प्राप्त गर्न सक्ने छन् । **उदाहरणका लागि** : १०,००० +० = १,००,०००

यद्यपी सयौं संख्यामा (०) को कुपन भए पनि प्रत्येक कुपनमा एकपटक मात्र शून्य (०) लाई पछाडि लगेर जोड्न मिल्नेछ । साथै उक्त रकममा शून्य (०) थप गरिएको अवस्थामा कम्पनीको आधिकारिक व्यक्तिबाट निर्माण स्थल मै रकम प्रदान गरिनेछ ।

शौर्य सिमेन्ट इण्डष्ट्रिजको सिराहा जिल्लाको मिर्चैयामा अवस्थित छ र ४३ ग्रेड ओ.पि.सी, ५३ ग्रेड ओ.पि.सी ,पि.एस.सी र ५३ ग्रेड पि.पि.सी सिमेन्ट उत्पादन गर्दै आएको छ । अन्तराष्ट्रिय स्तरको प्रोडक्सन प्लान्ट भएको शौर्य सिमेन्टले गुणस्तरमा एकरुपता कायम गरी THE BEST सिमेन्ट उत्पादन गर्दै आएको छ ।


## सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशितमिति : २०७९/०७/१७**

IR नेपालको सहयोगमा तथा जन जागरण युवा क्लव बाराको आयोजनामा संचालित Strengthening Community Resilience in Bara District of Nepal (SCR) परियोजना अन्तर्गत छनौट समुदायमा हैन्डपम्प जडान गर्नु पर्ने कार्यमा लाग्ने आवश्यक सामाग्री खरिदकालागी आपुर्तिकर्ता/सप्लायर्स छनौट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक आपुर्तिकर्ता/सप्लायर्सलाई निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**तपशिल**

| क्र.सं. | सामाग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | 1.5" NS HDPE Pipe 6 Kgp/Cm2, E category | 77RM | प्रत्येक समाग्रीहरु २५ वटा Handpump को लागी चाहिने छ। |
| २ | Hand pump head (heavy duty HLC),known as UNICEF brand | 30 Kg | |
| ३ | Galvanized Iron pipe (stainless) Panchakanya ISO/NS certified | 5 Rft. | |
| ४ | Jaali (Nylon Net) | 3 M | |
| ५ | Water filter 8 ft. HDPE Pipe | 1 Pcs | |

**शर्त तथा वन्देजहरू** :

- दरभाउ पेश गर्दा कम्पनीदर्ताको प्रमाण पत्र, मुल्यअभिबृद्धी करदर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ वा २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र साथै आवश्यक सम्पुर्ण कानुनीकागजातको प्रमाण पत्रकाप्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
- यस वाहेकका आवश्यक पर्ने सामाग्रीहरु सोही चयन बिक्रेताबाट आवश्यक कारोबार गरिनेछ ।
- प्रथम पटक प्रकाशितमितिले ७दिनभित्रशिलवन्दी दरभाउपेश गर्नु पर्ने र अन्तिमदिनबिदा परेमा सोको भोलिपल्ट वाबिदा पछि कार्यालय खुलेको दिनमाहुनेछ तथाम्याद नाघी आएकादरभाउ स्वत् रद हुनेछ ।
- कुनै पनि कारण जनाई वानजनाई प्राप्तदरभाउ स्वीकृत गर्ने वानगर्ने वाआंशिक रुपमामात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस संस्थामानिहित रहनेछ ।

**दरभाउ बुझाउने स्थान :**

**जन जागरण युवा क्लव (JJYC, Bara)**

**कलैया उपमहानगरपालीका-१, मोतीबाग, बारा, नेपालफोन नं. ०५३-५५१५१३**

इमेल : jjycbara@gmail.com

# चुनावी प्रचारमा विदेशी सावरी प्रयोग गरे सीज गर्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन प्रचार प्रसारमा विदेशी नम्बर प्लेटको सवारी प्रयोग गरेको पाइएमा कारवाही गर्ने निर्वाचन आयोगले तयारी थालेको छ । बुधबारदेखि प्रत्येक निर्वाचन क्षेत्रमा अनुगमन टोली परिचालन गर्ने भएको छ । प्रचार प्रसारमा विदेशी नम्बर प्लेटको सवारी प्रयोग भएको पाइएमा कडाई गर्ने मुख्य निर्वाचन अधिकृत ब्रजेश पोखरेलले जानकारी दिए ।

'निर्वाचनमा विदेशी सवारी प्रयोग गर्न पाउँदैनन्, उनले भने-'विहीबारबाट अनुगमन टोली परिचालन हुन्छ । ठाउँको ठाँउ कारवाही गर्छौं । सवारी सीज सम्म हुन् सक्छ ।' यस प्रकारको कुरालाई व्यवस्था गर्ने छुट दिँदा निष्पक्ष निर्वाचन नहुने भएकाले कारवाही गर्न निर्वाचन अधिकृतहरुलाई उनले निर्देशनसमेत दिए ।



बैशाखमा भएको स्थानीय तहको निर्वाचनमा स्थानीय तहको कर्मचारी परिचालन गर्दा केही समस्या देखिएको हुनाले यस पटक त्यो विषयमा आयोग गम्भीर देखिएको उनले बताए । कुनै पनि संगठनमा नलागेको कर्मचारीलाई पहिलो प्राथमिकतामा राखेर निर्वाचनमा खटाइने उनको भनाई छ । सोही पद्दती अनुसार धनुषामा ६ हजार कर्मचारी छनोट भइसकेको उनले जानकारी दिए । निर्वाचनमा खटने कर्मचारीलाई तालिम दिएर परिचालन गरिने उनले बताए ।

निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा स्थानीय सरकारलाई सहयोग गर्न उनले अनुरोध गरे । मतदान केन्द्र सम्म पुग्न सडक मर्मत तथा सुधार गर्न स्थानीय तहलाई आग्रह गरेका छन् । मतदान स्थल सुरक्षाको दृष्टिकोणले सुरक्षीत राख्न बाउण्ड्री वाल र भौतिक संरचना बनाउनु पर्ने उनले औल्याए । यी काम गर्न स्थानीय तहले पहिला निर्वाचन आयोगसँग अनुमती लिनुपर्ने छन् ।

यस्तै, विगतको निर्वाचनमा ४८ घण्टा अगाडि मात्रै मदिरा विक्री वितरणमा निशेध गर्ने गरिएको थियो । तर, यस पटक पटक सात दिन अघिदेखि नै बिक्री वितरण तथा ओसार पोसार रोक्ने निर्वाचन आयोगले बैठकबाट निर्णय गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए । पालिकाको कार्यपालिका सदस्यहरू प्रत्यक्ष रूपमा प्रचार प्रसारमा सहभागी नहुन उनले आग्रह गरेका छन् । मत पेटिकासहित अधिकांस निर्वाचन सामग्री आइसकेको उनले बताए । समानुपातिक मत पत्रको नमूना पनि आइसकेको र बाँकी समान पनि छिट्टै आउने उनले जानकारी दिए ।

## मधेश प्रदेशका १५ निर्वाचन क्षेत्र महिला उम्मेदवार विहीन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्र मध्ये १५ वटा निर्वाचन क्षेत्र महिला विहीन बनेको छ । निर्वाचन आयोगले दिएको जानकारी अनुसार मधेश प्रदेशका १५ वटा निर्वाचन क्षेत्रमा महिला उम्मेदवार छैन् ।

जसमा पर्साको चारवटै क्षेत्रमा एउटा पनि महिला उम्मेदवार छैन् । बारा जिल्लाको चारवटा निर्वाचन क्षेत्र मध्ये बारा १, २ र ४ मा महिला उम्मेदवार छैन् भने त्यहा क्षेत्र नम्वर ४ मा महिलाले उम्मेदवारी दिएकी छन् ।

त्यस्तै रौतहट निर्वाचन क्षेत्र नम्वर २ र ३ मा महिला उम्मेदवार छैन् भने धनुषाको ४ वटा निर्वाचन क्षेत्र मध्ये तीनवटा महिला उम्मेदवार विहीन छन् । धनुषा निर्वाचन क्षेत्र नम्वर १,२ र ४ मा महिला उम्मेदवार छैनन् ।

त्यस्तै महोत्तरी २ र ४ मा महिला उम्मेदवार छैनन् । भने सप्तरीमा ३ मा पनि महिला उम्मेदवार नरहेको निर्वाचन आयोगले जनाएको छ ।

मधेश प्रदेशका यि ६ वटा जिल्लाहरुमा मात्रै महिला विहीन क्षेत्रहरु छन् । सिरहा र सर्लाही जिल्लाका सवै क्षेत्रमा महिला उम्मेदवार भएपनि ६ जिल्लाका यि क्षेत्रहरु महिला उम्मेदवार विहीन भएको अवस्था रहेको छ ।

# मिथिलामा अक्षय नवमी पर्व मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम सहित मिथिला क्षेत्रमा बुधवार अक्षय नवमी पर्व मनाइएको छ । कात्तिक शुक्ल नवमी तिथिमा मनाइने परम्पराअनुसार यो पर्व बुधवार मनाइएको छ । मिथिलामा धातृ नवमी र इच्छा नवमीसमेत भनिने यो पर्व सामूहिक भोजन गरिने रमाइलो चाडबाडमा गनिन्छ ।

पर्वमा कार्तिक शुक्ल नवमीका दिन अमला (धातृ) को रुखको फेदमा खाना खाने मैथिल परम्परा छ । पर्व विशेषमा बस्तीमा बिहानैदेखि युवापङ्क्ति सामूहिक भोजनको तयारीमा जुटेका थिए । यो पर्वमा घर नजिकै, बगैंचा वा वन क्षेत्रमै रहेको अमलाको रूखका फेदमा खानेकुरा पकाएर त्यहीँ खाने चलन छ ।

पर्वमा अमलाका विशेष परिकार (अचार, मुरब्बा र चटनी)सहित शाकाहारी खानेकुरा मात्र पकाउने र खाने परम्परा छ । पर्व विशेषले अब चिसो मौसम छिप्पिँदै जाने क्रममा खानेकुरामा अमलाको प्रयोग बढाउने सन्देश रहेको मैथिल संस्कृतिका जानकारहरु बताउँछन् ।

पर्वमा खासगरी किशोर र युवा वनभोजको चाँजोपाँजो मिलाउन व्यस्त देखिएका छन् । जनकपुरधामका विभिन्न मठ मन्दिर तथा आमलाको बोट रहेको घर घरमा यो पर्व धुमधामका साथ मनाइएको छ ।

# उजुरी गर्न जाँदा प्रहरी कार्यालयवाटै मोटरसाईकल चोरी

**टुडे समाचारदाता**

राजविराज । उजुरी दिन जिल्ला प्रहरी कार्यालय सप्तरी पुगेका एक पीडितको मोटरसाइकल कार्यालय नजिकवाटनै चोरी भएको छ । बुधवार विहान अंशवण्डाको विवादमा भतिजवाट काकाको टाउको फुटाएको विषयमा उजुरी दिन जिल्ला प्रहरी कार्यालय सप्तरी पुगेका पीडितको गाडी चोरी भएको छ ।

जग्गाको अंश विवादमा सप्तरीको अग्नीसाईरकृष्णा सवरण गाउँपालिका ४ का ६६ वर्षीय सुर्य नारायण यादव बुधवार आफ्नै भतिजहरुबाट निर्घात कुटिएका छन् । विहान ६ बजे तिर जग्गाको अंशवण्डा विषयलाई लिएर उत्पन्न विवादका क्रममा नाताले भतिज पर्ने मनोज यादव र उनका भाइहरुले इट्टाले टाउकोमा प्रहार गर्दा टाउको फुटेका उनको अहिले स्थानीय छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ ।

विवादका क्रममा बुवालाई काकाका छोरा मनोज र उनका भाईहरुले अचानक इट्टाले आक्रमण गरेको र बचाउँन जाँदा कान्छो भाई अरुणलाई समेत निर्घात कुटपीट गरेको पीडित बृद्धका जेठा छोरा बरुणले बताए । पीडितका तर्फबाट बुधवार नै पीडक विरुद्ध कडा कारवाहीको माग गर्दै प्रहरीमा उजुरी परेको छ ।

डिएसपी नरेश कुमार सिहले प्राप्त उजुरीको आधारमा घाईते बृद्ध यादवको जाँचको प्रक्रिया अघि बढाइनुका साथै कुटपिटमा संलग्नहरुको खोजी कार्य सुरु गरीएको बताए ।

यता, पीडक विरुद्ध कारवाही माग्दै उजुरी दिन पुगेका पीडित पक्षले प्रयोग गरेको मोटरसाईकल जिल्ला प्रहरी कार्यालयलको मुल गेट नजिकैबाट चोरी भएको छ ।

२४ घण्टै सुरक्षा निगरानीमा रहने जिल्ला प्रहरी कार्यालयको नजिकैबाट मोटरसाईकल चोरी भएको घट्नाले सबैलाई चकित पारेको छ । घाइते बृद्धका छोरा बरुण सडक डिभिजन कार्यालय विराटनगरमा कार्यरत छन् । बुवा माथी कुटपिट भएको थाहा पाएपछी सोही कार्यालयको को.१ ब.१०६९ नम्बरको मोटरसाइकल लिएर विहान १० बजे तिर उनी उजुरी दिन जिल्ला प्रहरी कार्यालय पुगेका थिए ।

जिल्ला प्रहरी कार्यालयको मुल गेटको दायाँ तीर पार्किङ्ग लाइनमा मोटरसाइकल राखेर भित्र प्रवेश गरेका उनी १५ मिनेट पछी फर्किदा मोटरसाईकल चोरी भईसकेको थियो ।

"उजुरी दिन र घाउँ जाँचको आदेश पुर्जी लिन करिब १५ मिनेटको समय लागेको थियो, बरुणले भने-फर्केर आउँदा मोटरसाईकल गायब भएको पाए ।"

बुवा माथी भएको कुटपिटको पीडा छदै थियो, बरुणले भने-' मोटरसाईकल चोरिदा पीडा झन थपिएको छ ।"

डिएसपी सिहले मोटरसाईकल चोरीको घटनाबारे पनि अनुसन्धान थालिएको बताए । उनले मुल गेटको बाहिरी क्षेत्रमा सिसी क्यामरा जडान नभएकाले समस्या भएको बताउँदै अन्य विधी प्रयोग गरी अनुन्धान अघि बढाइएको जनाएका छन् ।

# मधेश प्रज्ञा प्रतिष्ठानद्वारा सुझाव संकलन

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेश सरकारद्वारा गठित मधेश प्रज्ञा प्रतिष्ठानले नयाँरुपमा कार्यक्रमहरु अघि बढाउन सरोकारवालसंग सुझाव संकलन गरेको छ ।

बुधवार सप्तरी सदरमुकाम राजविराज स्थित मैथिली भवनमा प्रतिष्ठानले मधेशमा भाषा, कला, साहित्य र संस्कृति लगायतको क्षेत्रमा काम गरिरहेका संघ, संस्थाका प्रतिनिधिसंग समन्वय वैठक मार्फत सुझाव संकलन गरेको छ ।



बैठकलाई सम्बोधन गर्दै प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडिले प्रतिष्ठानको गठन र पदाधिकारी नियुक्ती भएपछी नयाँ रुपमा अघि बढ्न सुझाव संकलन गर्न थालिएको बताए । उनले मधेश प्रदेशका सबै जात जातीका कला, संस्कृति, भाषा र साहित्यको विकासका लागी प्रतिष्ठानले काम गर्ने र यसका लागी आवश्यक नीति तथा कार्यक्रम तयार गर्न सुझाव संकलन गर्न थालिएको बताए ।

यस प्रदेशमा सर्वाधिक बोलिने भाषा मैथिली रहेको बताउँदै उनले भावी नीति तथा कार्यक्रममा स्वभाविक रुपमा मैथिली भाषा, कला र साहित्य क्षेत्र उच्च प्राथमिकतामा पर्ने जनाए । कुनै पनि ठाउँलाई त्यस ठाउँको कला, संस्कृति, भाषा, साहित्य, दर्शन र इतिहासले चिनाउने जिकीर गर्दै उनले यस क्षेत्रको समग्र विकासका लागि आफूहरु श्रोत, साधन र क्षमताले भ्याए सम्म काम गर्ने प्रतिबद्धता पनि जनाए ।

मैथिली साहित्य परिषद् सप्तरीका अध्यक्ष सतिस दत्तको अध्यक्षता तथा परिषद्का उपाध्यक्ष समेत रहेका मधेश प्रदेश आम संचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवद्वारा स्वागत गरी संचालित कार्यक्रममा प्रतिष्ठानका सदस्य दिनेश कुमार यादव, पूर्व सभासद शिवचन्द्र मिश्र, परिषद्का पूर्व जिल्ला अध्यक्ष देवेन्द्र मिश्र, दहेज मुक्त मिथिलाका अध्यक्ष करुणा झा, त्रिविविका पूर्व मैथिली विभागाध्यक्ष पशुपतीनाथ झा लगायतले प्रतिष्ठानद्वारा भावी दिनमा तयार हुने आवश्यक नीति तथा कार्यक्रममा समावेश गरिने विषयहरुबारे आ-आफ्नो सुझाव दिएका थिए ।

# पत्रकार कर्णलाई धम्की दिनेले गल्ती स्वीकारे

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामकापत्रकारदीपककर्णलाई समाचारको विषयलाई लिएर गाली गलौजसहित धाक धम्की दिने व्यक्तिले गल्ती स्वीकार गरी आत्मलोचना गरेका छन् ।

जनकपुरधामका एक वडा अध्यक्षले अर्का वडाध्यक्षलाई कुटेको भन्ने शीर्षकको समाचारमा सम्बन्धित वडाध्यक्ष जनकपुरधाम वडा नम्बर ५ का अध्यक्ष बेचन साहका छोरा गोविन्द साहले समाचारको विषयलाई लिएर बुधबार बिहान फोनमार्फत पत्रकार कर्णलाई गालीगलौज सहित अभद्र व्यवहार गर्दै ज्यान मार्ने धम्की समेत दिएका थिए ।

दोषी साहले आफ्नो गल्ती स्वीकार गर्दै आत्मलोचना गरेर माफी माग्दै अब यस्तो गल्ती नदोहर्‍याउने नेपाल पत्रकार महासंघ धनुषा शाखासँग प्रतिवद्धता जनाए ।

नेपाल पत्रकार महासंघ धनुषा शाखामा बसेको बैठकमा दोषीले गल्ती स्वीकार गरी पीडित पत्रकार कर्ण समक्ष गल्ती स्वीकार गर्दै अबदेखि यस्तो गल्ती नगर्ने प्रतिवद्धता जनाएका थिए ।

मंगलबार नेकपा एमालेको तर्फबाट गत स्थानीय तहको निर्वाचनमा जनकपुरधामको १५ वटा वडामा वडाध्यक्ष पदमा उम्मेदवारी दिएका सम्पूर्ण उम्मेदवारहरूसँग आयोजित चुनावी छलफलमा खानपिनको विषयमा विवाद हुँदा वडा नम्बर-८ का वडाध्यक्ष दिनेश सिंह र वडा नम्बर-१ का एमालेका वडाध्यक्ष पदका उम्मेदवार रहेका लव अधिकारीले एमालेबाटै निर्वाचित वडा नम्बर-५ का वडाध्यक्ष बेचन साहलाई कुटपिट गरेका थिए ।

कुटपीट सम्वन्धी समाचार प्रकाशन किन गरेको भन्दै वडाध्यक्षका छोराले पत्रकार कर्णलाई अभद्र व्यवहार गर्दै ज्यान मार्ने धम्की दिएपछि पत्रकार महासंघ धनुषा सहित विभिन्न संघ संगठनहरुको ध्यानाकर्षण हुनुका साथै कारवाहीको माग गरिएको थियो ।

# रौतहटमा तातिदै चुनाव आश्वासन बाटदै उम्मेदवार

**राकेश यादव**

गौर । रौतहट जिल्लामा चुनावी माहौल तातिदै गएको छ । हिन्दूहरुको महान पर्व छठको कारण सेलाएका चुनावी माहौल छठ पर्व पछि तातिदै गएको छ ।

सत्ता साझेदार दल सहितका ५ दलिए गठवन्धन र प्रतिपक्षी दल नेकपा एमालेका गठवन्धनका उम्मेदवार देखि लिएर स्वतन्त्र उम्मेदवारहरु आ आफ्नो चुनावी प्रचार प्रसार तीव्र बनाए पछि चुनावी माहौल गर्म देखिएको छ ।

उम्मेदवारहरुले आफ्नो कार्यकर्ताहरुलाई रक्सी, मासु को व्यवस्था गर्न शुरू गरेको कारण गाउँ घरमा चुनावको चर्चा शुरू भएको छ । रौतहटमा मतदाताहरुको कारण नेताहरु आर्थिक भार भोगन बाध्य समेत भएका छन ।



पूर्व प्रधानमन्त्री देखि पूर्व मन्त्री, राज्य मंत्री, पूर्व मेयर चुनावी प्रतिस्पर्धामा रहेका कारण चुनाव रोमान्चक हुदै गएको छ ।

रौतहट निर्वाचन क्षेत्र नम्बर १ को प्रतिनिधि सभा सदस्यमा पाँच दलिए गठवन्धनबाट उम्मेदवार बनेका नेकपा एसका राष्ट्रिय अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले क्षेत्रमा ठुल ठुला योजना, विकास निर्माणका आश्वासन बाड़दै गरेका छन् । फ्री भिसा ,फ्री टिकटको अभिव्यक्तिबाट देश भरी चर्चामा आएका अध्यक्ष नेपालले छठ पर्वका दिन गौर नगरपालिका वड़ा नम्बर ५ स्थित बारहवा तालमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बरहवा तालमा बन्दै गरेको सूर्य मंदिरको बजेट आई सकेकोले छिटै मन्दिर निर्माणको कार्य शुरू हुने आश्वासन दिएका थिए ।

तत्कालीन नेकपा एमाले २०५१ सालमा सरकारमा सहभागी हुँदा निर्णय गरेको सामाजिक सुरक्षा भत्ता कार्यक्रम आफूले गराएको भन्दै मतदाताहरुलाई रिझाउने कार्य अध्यक्ष नेपालले गर्दै आएका छन् ।

दुर्गा भगवती गाउपालिकाको मत्सरीमा आयोजित कार्यक्रममा अध्यक्ष नेपालले गाउपालिकालाइ नै स्वर्ग बनाइदिने बताएका थिए । गौर चन्द्रनिगाहपुर सड़क , बागमती नदीको अधुरो पुल , शहरी विकास मंत्रालयको सघन शहरी कार्यक्रम अंतर्गत निर्माण भएको बाटो , नाला , फास्ट्र्याक , निजगढ विमान स्थलको काम आफूले नै शुरुवात गरेको भन्दै हिडिरहेका छन् ।

प्रतिपक्षमा उम्मेदवारी दिएका नेकपा एमालेका अजय कुमार गुप्ताले आत्म विस्वासका साथ चुनावी मैदानमा रहेका छन । गुप्ताले क्षेत्रका जनताको सेवक बनेर सेवा गर्ने प्रतिबद्धता जनाउँदै मतदातालाइ आफ्नो पक्षमा ल्याउने प्रयास गरिरहेका छन ।

निर्वाचन क्षेत्र नम्बर २ मा गठवन्धन बाट प्रतिनिधि सभाका उम्मेदवार बनेका नेपाली कांग्रेसका मोहमद फिरदोस आलमले कारागारमा बंदी जीवन विताई रहेका पूर्व मंत्री मोहमद आफताव आलमको तस्वीरको आधारमा मत मांगने गरेको देखिएको छ ।

निर्वाचन आयोग नेपालले प्रतिबन्ध लगाएको बहुरंगी फ्लयास पोस्टरमा एक तरफ़ आलमको फोटो राखेर चुनावी प्रचार प्रसार गर्ने गरेको देखिएको छ ।

जिउदो मान्छेलाइ ईटा भट्टामा जलाएर हत्या गराएको अभियोगमा पूर्व मंत्री आलम कारागारमा रहेका छ्न । त्यस्तै निर्वाचन क्षेत्र नम्बर ३ मा स्वतन्त्रबाट प्रतिनिधि सभा सदस्यमा उम्मेदवार बनेका पूर्व मंत्री प्रभु साहले क्षेत्रमा गरेको विकासको आधारमा मत मांगने गरेको छन् । त्यों क्षेत्रमा दलिए उम्मेदवार भन्दा भरी बलियो स्वतन्त्र उम्मेदवार रहेका छन् ।

# एमाले परित्याग गरी दर्जनौ नेकपा एसमा

**रञ्जन यादब**

बारा । पूर्वमन्त्री एवम् नेकपा (एकीकृत समाजवादी) का नेता कृष्णकुमार श्रेष्ठ (किसान)ले बारा जिल्लामा विकासको लहर ल्याउने प्रतिबद्धता जनाएका छन् । बाराको परवानीपुरमा आयोजित बृहत्त पार्टी प्रवेश कार्यक्रममा नेता श्रेष्ठले बृहत समृद्धिको सम्भावना भएर पनि अपेक्षित विकास हुन नसकेको बारा जिल्लाको समग्र विकासका लागि आफूले नेतृत्व लिने बताए ।

बाम लोकतान्त्रिक गठबन्धनबाट बारा-४ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका श्रेष्ठले बारामा राष्ट्रिय महत्वका परियोजनाहरु आफूले अघि बढाउने प्रतिबद्धता जनाए । करिडोर व्यवस्थित बनाउने, रोजगारी सिर्जना गर्ने, सिंचाई सुविधा पुऱ्याउने, कृषिको आधुनिकीकरण गर्ने जस्ता योजना समेत रहेको उनको भनाइ छ । सो अवसरमा नेकपा एमालेका नेता रामेश्वर पटेल नेतृत्वमा ३ सय जना नेकपा एकीकृत समाजवादी मा प्रवेश गरेका छन् । गत स्थानीय निर्वाचनमा परवानीपुर गाउँपालिकाका अध्यक्षका प्रत्यासी पटेल सो क्षेत्रमा एमालेका प्रभावशाली नेता मानिन्छ ।



त्यस्तै बारामा नेकपा एमालेका ६ जना मधेश प्रदेश कमिटी सदस्य सहित ७६ जनाले सामूहिक राजीनामा दिएका छन् । एमाले प्रदेश कमिटी सदस्यहरू श्रीकाजी मोक्तान (अशोक लामा),उमेश कुशवाहा, कलामुद्दीन अन्सारी, प्रदीप साह, देवराज घिमिरे, रेहाना खातुन, जिल्ला कमिटी सदस्यहरुमा दुख नारायण साह, बलीराम प्रसाद यादव, सहीम हवारी, रुपबहादुर पाख्रिन, रामएकवाल यादव, मदन साह, विकाश कुशवाहा लगायतले प्रेस विज्ञप्ति जारी गरेर सामूहिक राजीनामा दिएको घोषणा गरेका छन् ।

साथै सामूहिक राजीनामा दिनेहरूमा फैसल अन्सारी, मुस्ताफा अन्सारी, पुरेन्द्र मोक्तान, साद अन्सारी, साउद अन्सारी, सलाउद्दीन अन्सारी, अब्दुल्लाह अजाद, अब्बाद अन्सारी, अम्मार अन्सारी, किसान संघ जिल्ला कमिटी सदस्य जादोलाल गोठ, अनेरास्ववियु जिल्ला कमिटी सदस्य राकेश वैठा, दलित जिल्ला कमिटी सदस्य राम भरोस राम सहित ७६ जनाले विज्ञप्ति नै जारी गरेर सामूहिक राजीनामा दिएका छन् । एमाले मधेश प्रदेश कमिटी सदस्य श्रीकाजी मोक्तानले निर्वाचनको मुखमा रातारात जनता समाजवादी पार्टीसँगको अप्राकृतिक गठबन्धनको कारण बाध्य भएर पार्टीबाट सामूहिक राजीनामा दिनुपरेको बताए ।

राजीनामा दिनेहरू मध्ये अधिकांश बारा निर्वाचन क्षेत्र नं ३ र ४ का पार्टी सक्रिय नेता तथा कार्यकर्ता रहेका छन् । उनीहरूले पार्टीबाट राजीनामा दिनुको १० वटा कारणहरू विज्ञप्तिमा उल्लेख गरेका छन् । जसमध्ये बारा-३ नं क्षेत्रमा पार्टीभित्र योग्य, इमानदार नेतृत्व गर्न इच्छुक नेता कार्यकर्ता हुदाँहुदै कार्यकर्ताको भावना विपरीत जनतामाझ अलोकप्रिय व्यक्तिलाई टिकट दिनु गलत र लज्जास्पद कार्य भएको उल्लेख छ ।

यता बारा क्षेत्र नम्बर ४ को प्रतिनिधिसभा सदस्यको स्वतन्त्र उमेदवार श्रीहरि राम लगायत सयकडौं नेता कार्यकर्ता बुधवार लोसपामा प्रवेश गरेका छन् । लोसपा नेपालको मधेश प्रदेसको अध्यक्ष तथा बारा क्षेत्र नम्बर ४ (ख) को प्रदेस सभाका उमेदवार जितेन्द्र सोनलको प्रमुख आतिथ्यमा सम्पन कार्यक्रम सयकडौं नेता कार्यकर्ताहरु बिधिवत रुपमा लोसपा नेपालमा प्रवेश गरे । गठबन्धनले नै देशको बिकाश गर्न सक्ने संविधानको रक्षा गर्ने भएकाले गठबन्धनकै उम्मेदवारलाई मत दिन प्रदेश सभाका उमेदवार जितेन्द्र सोनलले बताए ।

उनले पाँच दलीय गठबन्धनको नै सरकार बन्ने दावी गर्दै संविधानको रक्षाको लागि बनेको पाँच दलीय गठबन्धन अब देशको बिकाशमा लाग्ने बताउदै साईकल र कलममा मतदान गर्न आग्रह समेत गरे ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८